MAI KHOLA HYDROPOWER LIMITED

माई खोला हाइड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२९, काठमाण्डौ

(आयोजनाको नाम: सुपरमाई क्यासकेड जलविद्युत आयोजना (३ मे.वा.)

वेबसाइट: https:maikholahydropower.com.np इमेल: maikholahydro@gmail.com

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ अन्तर्गत प्रकाशित)

# विवरण–पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.३९,२१,५६,८००/- (उन्नचालिस करोड एक्काइस लाख छपन्न हजार आठ सय) मध्ये संस्थापक समुहका शेयरधनीहरुलाई ५१% अर्थात् रु.२०,००,००,०००/- (बीस करोड) रकम बराबरको रु.१००/- अंकित दरका २०,००,००० (बिस लाख) कित्ता शेयरको शेयर लगत कायम गरी र बाँकी रहेको ४९% अर्थात् रु.१९,२१,५६,८००/- (उन्नाइस करोड एकाइस लाख छपन्न हजार आठ सय) रकम बराबरको रु.१००/- अंकित दरका १९,२१,५६८ (उन्नाईस लाख एककाईस हजार पाँच सय अठसी हजार) कित्ता शेयरहरु मध्ये जारी पूँजीको १०% अर्थात रु.३,९२,१५,७००/- (तिन करोड बयानब्बे लाख प्रन्ध्र हजार सात सय) रकम बराबरको रु.१०० अंकित दरका ३,९२,१५७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु (ईलाम जिल्लाको बासिन्दा) को निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ। सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.१,५२,९४,१००/- (एक करोड बउन्न लाख चौरानब्बे हजार एक सय) रकम बराबरको रु.१००/- अंकित दरका १,५२,९४१ (एक लाख बउन्न हजार नौ सय एकचालीस) कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४, दफा ४ (ख) को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ। साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई तथा नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि छुट्याईएका शेयर बाँडफाँड गरे पश्चात जारी पूँजीको ३९% अर्थात् रु.१५,२९,४१,१००/- (पन्ध्र करोड उन्नातीस लाख एकचालीस हजार एक सय) रकम बराबरको रु.१००/- अंकित दरका १५,२९,४११ (पन्ध्र लाख उन्नातीस हजार चार सय एघार) कित्ता शेयरहरु मध्ये ७६,४७१ कित्ता शेयर (सर्वसाधारणको लागि छुट्याईएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषका योजनाहरुको लागि र ३०,५८८ कित्ता शेयर (सर्वसाधारणको लागि छुट्याईएको शेयरको २ प्रतिशत) कर्मचारीहरुको लागि सुरक्षित राखी बाँकी रहेको १२,६९,४११ कित्ता शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही सर्वसाधारणमा सार्वजनिक निष्काशन गरी बिक्री वितरण गरिने छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा भएको विवरण तथा उत्पादन अनुमतीपत्रको आधारमा आयोजना प्रभावित क्षेत्र छुट्टाइएको हो ।

**दरखास्त साथ प्रति शेयरको अंकित मूल्य रु. १००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छः**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० (पौष मसान्त) | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति शेयर आम्दानी रु. | - | ४.१७ | ८.७५ | ४.८६ | ३.३६ | ५.९९ | ६.७६ |
| प्रति शेयर नेटवर्थ रु. | १००.०० | १०४.१७ | १११.६७ | १०६.०१ | १०३.९४ | १०९.९३ | ११६.६९ |
| संचित नाफा नोक्सान (हजारमा) | - | ५,८४०.८२ | २३,३४३.५७ | १२,०११.६६ | १५,४५२.२४ | ३८,९४०.९२ | ६५,४५९.७२ |

**प्रति मेगावाट लागत सम्बन्धि विवरण:**

कम्पनीले निर्माण गरी संचालन गरेको सुपरमाई क्यास्केड जलविद्युत आयोजना (३ मे.वा.) को कुल (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.२०,३७,९७,५५८/- रहेको छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :**

सुपरमाई क्यास्केड जलविद्युत आयोजना (३ मे.वा.) को विद्युत उत्पादन अनुमतीपत्र बहाल रहने अवधि मिति ०७५/११/०५ देखि २११०/११/०४ गते सम्म रहेकोले ३० वर्ष ६ महिना बाँकी रहेको छ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :**

आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period १०.०१ वर्ष र Discounted Pay Back Period २०.७४ वर्ष रहेको छ ।

**जलविद्युत आयोजनाको कुल लागत विवरण :**

सुपरमाई क्यास्केड जलविद्युत आयोजना (३ मे.वा.) कुल लागत (Interest During Construction (IDC) सहित रु.६१,१३,९२,६७५/- रहेको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण:**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धतोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण:**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूवर रेटिङ्ग गराई "(ICRANP-IR)BB+ [Double B Plus)] रेटिङ्ग प्राप्त गरेको छ । ICRA -NP BB+ ले "Considered to have moderate risk of default regarding timely servicing of financial obligations" रहेको जनाउँदछ । जसले कम्पनीको समयमै वित्तिय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउंछ । ईक्रा नेपाल लिमिटेडले ICRANP-IR ] AAA देखि [ICRANP-IR ] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ ICRANP-IR ]AAA ले बलियो आधार जनाउँछ [ICRANP - IR ] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ ICRA-NP BBB(Is) को स्थिति ICRA-NP BB(Is) को भन्दा एक चिन्ह तल रहन्छ । उक्त रेटिङ्गको ग्रेडिङ बहाल रहने अवधि २०८०/०४/३० गतेसम्म रहेको छ ।

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरेको शेयर र कर्मचारीहरुलाई बाँडफाँट गरेको शेयर सर्बसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन । साथै संस्थापक, संचालक तथा तीनका एकाघरका परिवारले समेत सार्वजनिक निश्कासनमा आवेदन दिन पाउने छैन ।**

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति: २०७९/११/०५ गते ।**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०७९/११/११ गते ।**

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयर बिक्रि खुल्ला अवधि:

| | |
|---|---|
| निष्काशन खुल्ला मिति | : २०७९/११/२५ गते देखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/१२/०९ गते (बैकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०७९/१२/२४ गते (बैकिङ्ग समय पश्चात्) सम्म |

## बैदेशिक रोजगारीमा रहेका नेपालिहरुका लागि साधारण शेयर बिक्रि खुल्ला अवधि:

| | |
|---|---|
| निष्काशन खुल्ला मिति | : २०७९/११/२५ गते देखि |
| निष्काशन बन्द हुने मिति | : २०७९/१२/०९ गते (बैकिङ्ग समय पश्चात्) |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

PRABHU CAPITAL

(A Subsidiary of Prabhu Bank Limited)

प्रभु क्यापिटल लिमिटेड

कमलादी, काठमाडौं, फोन नं. ०१-५९७०२००, ०१-४१६९१००

E-mail: info@prabhucapital.com, web: www.prabhucapital.com

## ख.१. विवरण पत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

**क) "विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

**ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंलाई सम्झनु पर्दछ ।

**ग) "धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर वा सामूहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बोण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकि दिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकार पत्र समेतलाई जनाउंछ ।

**घ) "संगठित संस्था/कम्पनी"** भन्नाले निष्कासनकर्ता कम्पनी माई खोला हाइड्रोपावर लिमिटेड, अनामनगर, काठमाण्डौं लाई सम्झनु पर्छ ।

**ङ) "संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्कासन (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका हकमा समेत) को लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

**च) "निष्कासन बैंक"** भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

**छ) "नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्छ ।

**ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले माई खोला हाइड्रोपावर लिमिटेडको संस्थापक, संचालक कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्छ ।

**झ) "बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

**ञ) "स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात ईलाम जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

**ट) "वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

**ठ) "खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले संस्थाको वासलातमा रहने सम्पत्तिको कुल जोडमा वाह्य दायित्वलाई घटाई कायम हुन आउने रकम सम्झनु पर्छ ।

**ड) "लगानी फिर्ता हुने अवधि (Pay Back Period)"** भन्नाले लगानीकर्ताले आफूले लगानी गरेको रकम फिर्ता भुक्तानी हुने अवधी भन्ने सम्झनु पर्दछ । जसलाई वर्षमा ब्यक्त गरिन्छ । **"साधारण लगानी फिर्ता हुने अवधी"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफल लाई जनाउँदछ र **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने वार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत कट्टादर द्वारा Discount Rate वर्तमान मुल्यमा परिणत गरी आउने नगद प्रबाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति वर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ ।

**ढ) "धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (Underwriting) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री नागरिक लगानी कोषलाई सम्झनु पर्छ ।

**ण) "आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

**त) "प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

**थ) "वैदेशिक रोजगारी"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सम्झनु पर्दछ ।

**द) "विप्रेषण (रेमिटयान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न प्राप्त आश्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेशण (रेमिटयान्स) बचत खाता सम्झनुपर्छ ।

## ख.२. विवरणपत्र तथा दरखास्तफारम प्राप्त गर्ने र बुझाउने स्थान :

| **सि.नं.** | **विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना** |
|---|---|
| क. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, वेवसाइटः www.prabhucapital.com फोन नं. ०१-५९७२०० |
| ख | माई खोला हाइड्रोपावर लिमिटेड, का.म.पा-२९, अनामनगर, काठमाण्डौ, www.maikholahydropower.com.np |
| ग. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर, वेवसाइटः www.sebon.gov.np |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थानः** |
| **क.** | **आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमाः** |
| | १.प्रभु बैक लिमिटेड, ईलाम शाखा ।, २.(साबिकको सेञ्चुरी कमर्सियल बैक लिमिटेड, ईलाम शाखा) ।, ३.प्राईम कमर्सियल बैक लिमिटेडको मंगलाबारे, बिप्पल्याते शाखा ।, ४.आयोजना रहेको स्थान ईलाम जिल्ला, इलाम नगर पालिका वडा नं. ८ सिमफिरिङ ।, ५.नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको सम्पूर्ण सी-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।, ६. प्रभु क्यापिटल लिमिटेडले तयार पारेको अनलाईन सम्बन्धी व्यवस्थाबाट समेत । |
| **ख.** | **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरुः** नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |
| **ग.** | **सर्वसाधारण शेयरधनीहरुको हकमाः** नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो सेयर"** अनलाइन प्रयोग गरी सी-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**आवश्यकता अनुसार अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**

### ग.१. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्कासनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरुप तोकिएको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### ग.२.संगठित संस्थाको उद्घोषण :

### ग.२.क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पूनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्कासन तथा बिक्री प्रबन्धकहरुलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्रदर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२.ख. संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण:

माई खोला हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण:

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं । साथै उक्त कम्पनी कम्पनी ऐन, २०६३ बमोजिम आ.व. २०७८/७९ को साधारण सभा मिति २०७९/०४/२५ मा सम्पन्न गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने विवरणहरु पेश गरी मिति २०७९/०७/१६ मा कम्पनी अद्यावधिकको भैसेकेको जानकारी गराउँदछौं ।

### ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण:

(१) यस कम्पनीका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्कासन मार्फत सर्व साधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दशवर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन्

(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## ग.३. संगठित संस्था सम्बन्धी जानकारी :

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमिः**

**(क) संस्थाको नामः** माई खोला हाइड्रोपावर लिमिटेड (Mai Khola Hydropower Limited)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगानाः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं २९ अनामनगरमा रहेको छ । आवश्यक परेको खण्डमा सम्बन्धित निकायमा आवश्यकता अनुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) जलविद्युत केन्द्रः** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र ईलाम नगरपालिका ८, सिमफिरिङ मा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापना काल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०७३/०४/१७ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा माई खोला हाइड्रोपावर लिमिटेडको नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले मिति २०७८/०३/२० मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भई माई खोला हाइड्रोपावर लिमिटेडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनी हो । कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग मिति २०७४/०२/०७ मा विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

२. हाल यस कम्पनीमा ८ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र, निर्माण, परामर्श एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि अनुभव भएका व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले ईलाम नगरपालिका-०८, स्थित जलविद्युत आयोजनाबाट ३ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७४/११/१८ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो ।

४. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति मिति २०७४ चैत्र ०७ मा भएको सुपरमाई क्यासकेड जलविद्युत आयोजना ३.८ मे.वा. उल्लेख भएता पनि विद्युत खरीद बिक्री सम्झौता (PPA) को विद्युत उत्पादन तालिका (Energy Table) मा ३.०० मे.वा. उल्लेख गरी सोहि बमोजिम विद्युत उत्पादन सम्बन्धि प्रविधि/औजारहरु समेत सोहि बमोजिम जडान गरिएको साथै उक्त आयोजनाको व्यापारिक उत्पादन (COD) मिति सिफारिसको लागि भएको Coordination Committee बैठकले पनि ३.०० मे.वा.को मात्रै सिफारिस भएको हुनाले यस आयोजनाको विद्युत उत्पादन क्षमता ३.०० मे.वा. रहेको र सोहि बमोजिम विद्युत उत्पादन भई नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री वितरण गरिरहेको । सो आयोजनाको व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७८ श्रावण १ गते (तदनुसार जुलाई १, २०२१) रहेकोमा व्यापारिक उत्पादन (COD) मिति २०७७ असार ३१ रहेको छ ।

५. कम्पनीले निर्माण गरेको सुपरमाई क्यास्कड जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७४ जेष्ठ ७ मा विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । सम्झौता अनुरुप आयोजनाले मिति २०७७/०३/३१ देखि व्यवसायीक उत्पादन गरी राष्ट्रिय प्रसारण लाईनमा जडान गरी बिक्री गरी रहेको छ ।

६. सुपरमाई क्यास्केट जलविद्युत आयोजना (३ मे.वा.) को मिति २०७५/११/०५ मा नेपाल सरकार, ऊर्जा मन्त्रालय, बिद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७५/७६ वि.उ. २५०) प्राप्त भएको हो र उक्त अनुमति पत्र मिति २११०/११/०४ गते सम्म बहाल रहेको ले ३० वर्ष बाँकी छ ।

७. यस सुपरमाई क्यास्केड जलविद्युत आयोजना निर्माण सम्पन्न हुँदा आयोजनाको कूल लागत (Interest During Construction (IDC) सहित रु.६१,१३,९२,६७५/- रहेको छ ।

८. कम्पनीले ईलाम नगरपालिका ८, सिमफिरिङ मा ३ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७७/०३/३१ गते देखि आयोजना ब्यापारिक रुपमा संचालनमा आइरहेको छ ।

९. **आयोजनाहरुको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः**

| | |
|---|---|
| **आयोजना स्थल** | : ईलाम नगरपालिका ८ सिम फिरिङ |
| **श्रोत नदी** | : माई खोला |
| **आयोजनाको किसिम** | : रन अफ रिभर |
| **डिजाइन डिस्चार्ज** | : ७.३३ घन मिटर प्रति सेकेण्ड |
| **उत्पादनहुने इनर्जी** | : १८.८१ (GWh) |
| **आयोजनाको उत्पादन क्षमता** | : ३ मेगावाट |
| **ग्रस हेड** | : ५० मिटर |
| **डाइभर्सन बाँध** | : नभएको (क्यास्केट आयोजना) |
| **सेट्टलिङ्ग वेसिन** | : २० मिटर लम्बाई, १० मिटर चौडाई, ६ मिटर उचाई |
| **हेडरेस पाइप** | : १६९५ मिटर लम्बाई, व्यास २.२ मिटर |
| **पावरहाउस** | : लम्बाई २२ मिटर, चौडाई १३ मिटर, उचाई १५ मिटर |
| **टर्वाइन** | : संख्या २, प्रति टर्वाइन आउटपुट १५०० KW |
| **जेनेरेटर** | : २२३५ KVA Per Unit (Two unit) |
| **ट्रान्सफर्मर** | : ४.५ MVA, ११/३३KV (One unit) |
| **ट्रान्समिसन लाईन** | : ३३ KV, ११ कि.मि.लम्बाई |
| **आयोजनाको हालको अनुमानित लागत** | : रु ६०,००,००,०००/- |

**आयोजनाको व्यापारीक उत्पादन शुरु भएको वर्षलाई आधार वर्ष मान्दा कम्पनीको वित्तिय परिसुचक-**

| | |
|---|---|
| आयोजनाको कूल लागत निर्माण अवधिको ब्याज समेत | रु ६१,१३,९२,६७५/- |
| आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत | रु २०,३७,९७,५५८/- |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) | १०.०१ |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) | २०.७४ |
| Net Present Value (NPV) | ६,६७,४४,१००/- |
| Internal Rate of Return (IRR) | ११.२१ % |

नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको पैंतिस वर्षको नगद प्रबाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रबाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return(IRR) गणना गरिएको छ । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

| वर्ष | नाफा | ब्याज | आयोजना खर्च | ह्रासक | नगद नाफा | संचयी नगद प्रवाह | डिस्काउन्ट फ्याक्टर | डिस्काउन्टेड नगद प्रवाह | डिस्काउन्टेड सचयी नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | (५६०,४६६,११२) | | (५६०,४६६,११२) | (५६०,४६६,११२) | १.०० | (५६०,४६६,११२) | (५६०,४६६,११२) |
| २ | ५,८४०,८२४ | ३६,२४७,५०८ | (३३,६३०,७०६) | १८,५६७,७१९ | २७,०२५,३४५ | (५३३,४४०,७६७) | ०.९१ | २४,५९९,८०४ | (५३५,८६६,३०८) |
| ३ | १७,५०२,७४३ | २६,८१९,७१० | (१७,२९५,८५७) | २०,६००,७३४ | ४७,६२७,३३० | (४८५,८१३,४३७) | ०.८३ | ३९,४६१,८१४ | (४९६,४०४,४९४) |
| ४ | १३,१६१,३०१ | २०,७२३,१८२ | | २०,४८६,५२९ | ५४,३७१,०११ | (४३१,४४२,४२६) | ०.७५ | ४१,००६,११५ | (४५५,३९८,३७८) |
| ५ | २३,४८८,६८३ | १९,४५०,१२० | | १९,९५३,९०१ | ६२,८९२,७०३ | (३६८,५४९,७२२) | ०.६९ | ४३,१७५,९४८ | (४१२,२२२,४३०) |
| ६ | २६,५१८,७९८ | १८,०४५,७०३ | | १९,५३४,९७२ | ६४,०९९,४७२ | (३०४,४५०,२५०) | ०.६२ | ४०,०५४,९७६ | (३७२,१६७,४५४) |
| ७ | ३०,७६६,३७३ | १५,१८४,६५१ | | १९,२०५,०७७ | ६५,१५६,१०२ | (२३९,२९४,१४८) | ०.५७ | ३७,०६१,०३३ | (३३५,१०६,४२१) |
| ८ | ३२,५०१,४०० | १४,७८७,१९३ | | १८,९४४,९९० | ६६,२३३,५८३ | (१७३,०६०,५६६) | ०.५२ | ३४,२९२,६५३ | (३००,८१३,७६८) |
| ९ | ५३,१३४,५७१ | १२,५०४,०३८ | | १८,७३९,६९४ | ८४,३७८,३०३ | (८८,६८२,२६३) | ०.४७ | ३९,७६६,१९४ | (२६१,०४७,५७३) |
| १० | ५८,८२०,३८१ | १०,४६२,४९६ | | १८,५७७,४५८ | ८७,८६०,३३५ | (८२१,९२८) | ०.४३ | ३७,६९०,९०० | (२२३,३५६,६७४) |
| ११ | ६२,३७६,६०१ | ८,२१०,३०८ | | १८,४४९,१०५ | ८९,०३६,०१३ | ८८,२१४,०८५ | ०.३९ | ३४,७६७,२०३ | (१८८,५८९,४७०) |
| १२ | ५९,४९८,७२१ | ५,७२५,७३८ | | १८,३४७,४३८ | ८३,५७१,८९८ | १७१,७८५,९८३ | ०.३६ | २९,७०४,६६९ | (१५८,८८४,८०१) |
| १३ | ६३,१५७,६५७ | २,८५८,५०७ | | १८,२६६,८१९ | ८४,२८२,९८३ | २५६,०६८,९६६ | ०.३२ | २७,२६८,७२१ | (१३१,६१६,०८०) |
| १४ | ६६,२०५,४५४ | ६४७,२५३ | | १८,२०२,८१६ | ८५,०५५,५२४ | ३४१,१२४,४९० | ०.२९ | २५,०४८,८५० | (१०६,५६७,२३०) |
| १५ | ६७,८४५,७२९ | | | १८,१५१,९४९ | ८५,९९७,६७७ | ४२७,१२२,१६७ | ०.२७ | २३,०५३,२६३ | (८३,५१३,९६८) |
| १६ | ५९,६०८,७२३ | | | १८,१११,४७६ | ७७,७२०,१९९ | ५०४,८४२,३६६ | ०.२४ | १८,९६४,४३८ | (६४,५४९,५३०) |
| १७ | ५३,८९४,७७२ | | | १८,०७९,२३७ | ७१,९७४,००९ | ५७६,८१६,३७५ | ०.२२ | १५,९८६,०८७ | (४८,५६३,४४२) |
| १८ | ५४,७८६,३७० | | | १८,०५३,५२९ | ७२,८३९,८९९ | ६४९,६५६,२७४ | ०.२० | १४,७२६,३८८ | (३३,८३७,०५५) |
| १९ | ५५,६६१,७१५ | | | १८,०३३,००७ | ७३,६९४,७२१ | ७२३,३५०,९९५ | ०.१८ | १३,५६१,९९८ | (२०,२७५,०५७) |
| २० | ५६,५२१,८५० | | | १८,०१६,६०६ | ७४,५३८,४५६ | ७९७,८८९,४५१ | ०.१७ | १२,४८६,१३७ | (७,७८८,९२०) |
| २१ | ५७,३६७,५४५ | | | १८,००३,४८४ | ७५,३७१,०२८ | ८७३,२६०,४८० | ०.१५ | ११,४९२,४४८ | ३,७०३,५२८ |
| २२ | ५८,१९९,३४५ | | | १७,९९२,९७५ | ७६,१९२,३२० | ९४९,४५२,८०० | ०.१४ | १०,५७४,९८४ | १४,२७८,५१२ |
| २३ | ५९,०१७,६२५ | | | १७,९८४,५५० | ७७,००२,१७५ | १,०२६,४५४,९७४ | ०.१३ | ९,७२८,१८७ | २४,००६,६९९ |
| २४ | ५९,८२२,६२१ | | | १७,९७७,७८७ | ७७,८००,४०७ | १,१०४,२५५,३८२ | ०.११ | ८,९४६,८७१ | ३२,९५३,५७० |
| २५ | ६०,६१४,४५४ | | | १७,९७२,३५३ | ७८,५८६,८०७ | १,१८२,८४२,१८८ | ०.१० | ८,२२६,२०२ | ४१,१७९,७७२ |
| २६ | ६१,३९३,१५५ | | | १७,९६७,९८३ | ७९,३६१,१३८ | १,२६२,२०३,३२६ | ०.१० | ७,५६१,६७५ | ४८,७४१,४४७ |
| २७ | ६२,१५८,६८३ | | | १७,९६४,४६३ | ८०,१२३,१४६ | १,३४२,३२६,४७२ | ०.०९ | ६,९४९,१०० | ५५,६९०,५४७ |
| २८ | ६२,९१०,९३५ | | | १७,९६१,६२५ | ८०,८७२,५६१ | १,४२३,१९९,०३३ | ०.०८ | ६,३८४,५७७ | ६२,०७५,१२४ |
| २९ | ६३,६४९,७५७ | | | १७,९५९,३३७ | ८१,६०९,०९५ | १,५०४,८०८,१२८ | ०.०७ | ५,८६४,४८५ | ६७,९३९,६०९ |
| ३० | ६४,३७४,९५६ | | | १७,९५७,४८८ | ८२,३३२,४४४ | १,५८७,१४०,५७२ | ०.०७ | ५,३८५,४५९ | ७३,३२५,०६९ |
| | | | **आयाजोना लागत** | | **६११,३९२,६७५** | | | | |
| | | | **नेट प्रीजेन्ट भ्यालु** | | **६६,७४४,१००** | | | | |
| | | | **साधारण लगानी फिर्ता अवधि** | | **१०.०१ वर्ष** | | | | |
| | | | **डिस्काण्टेड लगानी फिर्ता अवधि** | | **२०.७४ वर्ष** | | | | |
| | | | **इन्रनल रेट अफ रिटर्न** | | **११.२१%** | | | | |
| | | | **प्रति मे.वा. लागत** | | **२०३,७९७,५५८** | | | | |

१०. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

- विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरुहुने मिति (Commercial Operation Date)ले ३० (तीस) वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधी मध्ये जुन घटी छ सो समय सम्म कायम रहनेछ ।
- कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।
- कन्ट्रयाक्ट इनर्जी ३ मे.वा. को हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु ४.८० (चार रुपैया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु भएको मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटक सम्म मूल्य वृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि-व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खायाम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षायाम (बैशाख देखि मंसीर सम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९.१६ | ५.२३ |
| ४९औं महिना देखि ६० औं महिना सम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि७२ औं महिना सम्म | ९.६६ | ५.५२ |
| ७३ औं महिना देखि ८४ औं महिना सम्म | ९.९१ | ५.६६ |
| ८५ औं महिना देखि ९६ औं महिना सम्म | १०.१६ | ५.८१ |
| ९७ औं महिना देखि सम्झौताअवधि सम्म | १०.४२ | ५.९५ |

**तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD)को तुलनामा व्यापारिक उत्पादन शुरु भएको मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्ना नुसार वार्षिक मूल्य बृद्धि दिईनेछ :**

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुनगएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुनगएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ग) RCODको तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुनगएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुनगएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुनगएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

**आयोजनाहरुबाट बर्षा याम तथा सुख्खायाम गरि वार्षिक उत्पादनहुने विद्युत सम्बन्धी विवरण:**

| | |
|---|---|
| सुख्खा याम (पौष देखि चैत्रसम्मको) कूल इनर्जी (kWh) | ८७,४९,३५१ |
| वर्षा याम (वैशाख देखि मंसीरसम्मको) कूल इनर्जी (kWh) | ४,७७,१८,५२३ |
| **जम्मा वार्षिक इनर्जी (kWh)** | **५,६४,६७,८७४** |

- **विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदा:**
- कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्ट सम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुननसकि व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ ।
- साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्तिलिनको लागि प्राधिकरणबाट हुनु पर्ने कार्यहरु समयभित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट

व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नुपर्नेछ :

- कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछः
- हर्जाना रकम रु.०.०५ X कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा हसन आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने तर प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नुपर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ता बन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुलन भएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ता बन्दिमा भुक्तानी गरिने छ ।
- विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने
- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।
- कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।
- क्षतिपूर्ति रकम रु. [०.८X सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा (सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जो X सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर, यसरी हिसाबगर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ ।

- **विद्युत खरीद बिक्री सम्झौताको दोश्रो संशोधन**
- मिति २०७८/०५/२७ मा भएको कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताको दोश्रो सम्सोधन बमोजिम "मुल सम्झौताको दफा १०, "विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नुपर्ने" को शिर्षक हटाई सो सट्टा "विद्युत नलिएमा क्षतिपूर्ति तिर्नुपर्ने" कायम गरिएको छ । साथै "कम्पनीले प्राधिकरणलाई क्षतिपुर्ति तिर्न पर्ने" मुल सम्झौताको उपदफा १०.२ हटाइ सो को सट्टा निम्नानुसारको उपदफा १०.२ कायम गरिएको छ ।
- १०.२) कन्ट्रयाक्ट इनर्जी वा Availability Declaration को आधारमा प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपुर्ति गर्नु पर्नेछ । तर मुल सम्झौताको अन्य कुनै दफा/उपदफामा जे सुकै लेखिएको भएता पनि आयोजनाबाट आपूर्ति भएको मासिक उर्जा (Delivered Energy) कम्पनीद्वारा पूर्वानुमान गरिएको उर्जा भन्दा कम भएमा सो वापत कम्पनीले प्राधिकरणलाई कुनै क्षतिपुर्ति तिर्नु पर्ने छैन ।
- आयोजनाबाट आपूर्ति भएको मासिक उर्जा Availability Declaration भन्दा बढी तर Contract Energy भन्दा कम भएको अवस्थामा सो फरक परिमाणलाई सम्झौता बमोजिम विद्युत खरीद दरको ५०% (पचास प्रतिशत) दरमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ । तर आयोजनाबाट आपुर्ति भएको उर्जा Contract Energy भन्दा बढी भएको अवस्थामा कम्पनीलाई भुक्तानी दिने सम्बन्धमा मुल सम्झौतामा उल्लेखित अतिरिक्त उर्जा सम्बन्धी प्रावधान नै हुनेछ"

**कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियममा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-**

(क) नेपाल राज्यभर बहने खोला नदि नालाबाट प्राविधिक सम्भावव्यता अध्ययनको आधारमा साना मझौला र ठूला आयोजना तथा परियोजना सम्भाब्यता अध्ययन गराई विद्युत उत्पादन गर्ने र उक्त कार्यको लागि नेपाल सरकार वा सम्बन्धित निकायसँग समन्वय अनुमति वा ईजाजत प्राप्त गरी नेपाल सरकारका विभिन्न निकाय वा गैह्र सरकारी संस्था र स्वदेशी तथा विदेशी कम्पनी र व्यक्तीसँग सम्झौता गरी कार्य गर्ने ।

(ख) सरकारी अर्धसरकारी एवं निजि क्षेत्रलाई आवश्यकपर्ने इन्जिनियरिङ्ग तथा वातावरण सम्बन्धि योजना तर्जुमा, कार्यान्वयन तथा सुपरिवेक्षण नाप नक्साको ड्रइङ्ग डिजाइन तथा पूर्वाधार योजना सो सँग सम्बन्धित भौगोलिक सूचना प्रणालिको विकास आदि सँग सम्बन्धित विषयहरुमा राय सल्लाह परामर्श सेवाहरु उपलब्ध गराउने ।

(ग) सामान उद्देश्यहरु भएका कम्पनीहरु सँग मिलि कार्य गर्ने ।

(घ) नेपाल राज्यभर बहने खोला नालाबाट प्राविधिक सम्भावव्यता अध्ययनको आधारमा साना मझौला र ठूला आयोजना गराई विधुत उत्पादन तथा वितरण गर्ने ।

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु:** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने।

**(२) प्रयोग भएको वा गरिने प्रविधि:** ईलाम जिल्लामा रहेको माईखोलाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन, पेनस्टक पाइप, विद्युतगृह आदि संरचना रहेका छन । यो परियोजना Run of River मा आधारित जलविद्युत आयोजना हो । आयोजनाबाट ३ मे.वा. विद्युत उत्पादन गर्न यस परियोजनामा Run of River प्रकारको जलविद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

**(३) कुनै व्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार:** सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र:** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सम्झौता गरिएको र भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपाल विद्युत प्राधिकरण वा अन्य विधिवत रुपमा स्थापित हुने कुनै पनि सक्षम निकायहरु मार्फत नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार बिस्तार गर्न सकिनेछ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:** कम्पनीले एकल रुपमा तथा आफ्नो उदेश्यसंग मेल खाने देशभित्र तथा बाहिरका विभिन्न कम्पनीहरू सँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माण गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने लक्ष्य लिएका छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका:** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्यतु प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार हाललाई नेपाल भर रहेको छ ।

**(७) उत्पादन/सञ्चालन क्षमता र सोको उपभोग स्थिति:** सुपर माई क्यास्केट जलविद्युत आयोजनाको उत्पादन क्षमता ३ मेगावाट रहेको छ र उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत बिक्री वितरण गरिएको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता:** यस जलविद्युत आयोजनाको लागि ईलाम जिल्लाको माईखोलाको प्राकृतिक बहावमा आधारित पानी प्रयोग गरिएको छ ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था:** गुण नियन्त्रणको लागि देहाय बमोजिमको व्यवस्था गरिएको छ :

क) आयोजनाको डिजाईन तथा सुपरिवेक्षण कार्यहरु जलविद्युत क्षेत्रमा उच्चतम विशेषज्ञता हासिल गरि २५ वर्ष भन्दा बढी कार्यगत प्राविधिक ज्ञान र अनुभव भएको विशेषज्ञहरु द्वारा गरिएको ।

ख) सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि निर्माण क्षेत्रमा विशेषज्ञता र अनुभव भएको निर्माण कम्पनी मार्फत गरिएको ।

ग) सिभिल निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि निर्माण सामाग्री सम्बन्धी तथा निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि आयोजना स्थलमा प्रयोगशाला स्थापना गरि नियमित चेकजाँच गर्ने गरिनुका साथै आवश्यकता अनुसार काठमाडौंको विभिन्न प्रयोगशालामा Engineer/Specialist द्वारा चेकजाँच गरिएको ।

घ) Hydromechanical कार्यका लागि अत्याधुनिक प्रविधिबाट बनेको स्पाइरल पाइप आयात गरी जडान तथा निर्माण गरिएको ।

ङ) Electromechanical कार्य अन्तर्गत ख्याति प्राप्त कम्पनीहरुबाट खरिद तथा आयात गरी जडान गरिएको र उक्त Electromechanical equipments को नियमित रुपमा चेकजाँच गर्ने व्यवस्था मिलाइएको ।

च) सिभिल, Hydromechanical तथा Electromechanical लगायतका कार्यहरु अन्तर्गत Quality Inspection को लागि गरिएको सम्झौताको प्रावधानहरुमा नै स्पष्ट रुपमा Third Party Inspection/Consultant नियुक्त गरी सोही अनुरुप अनुगमन तथा आवश्यक रुपमा गुणस्तर समेत Inspection गराइएको ।

**(१०) अनुसन्धान तथा विकास:** नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान:**

आयोजनाबाट मिति २०७७/०३/३१ मा व्यापारिक उत्पादन शुरु भयो । २०७८ साल कार्तिक २ गते परेको अविरल वर्षाको कारणले आएको बाढी तथा पहिरोले ट्रान्समिसन लाईन, इलेक्ट्रोमेकानिकल उपकरणहरु, हाइड्रोमेकानिकल उपकरणहरु तथा ट्रन्समिसनमा क्षति भएको र उक्त क्षतिको रकम रु. ४,७७,९६,९६९.९६ श्री नेको ईन्स्योरेस्स लिमिटेसँग सम्पत्ति बीमा गरेकोले उक्त क्षतिको दाबीको लागि मिति २० अक्टोबर २०२१ मा आवश्यक कागजातका साथ पेश गरेको र सो दावी भुक्तानीको प्रकृयामा रहेको । आयोजनाको व्यापारिक उत्पादन शुरु भई सकेकोले आयोजनाको कुल लागतमा परिवर्तन नभई सो क्षति रकमलाई खर्चमा समावेश गरिने तथा सोको मर्मत कार्य २०७८ साल मंसिर २८ गते सम्पन्न गरी तत्पश्चात् हालसम्म आयोजना संचालनमा रहेको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण:** सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति:** नेपाल विश्वको जल सम्पदामा दोश्रो ठूलो देश भई करीब ८४,००० मेगावाट विद्युत उत्पादन गर्ने क्षमता रहेकोमा हालसम्म करीब १३६ बटा परियोजना मार्फत २०८८.४९५ मेगावाट उत्पादन भैसकेको र सुपरमाई ए क्यासकेट जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ३ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गर्दछ । साथै संसार भर नै नविकरणीय उर्जाको ठूलो परिमाणमा माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नहुने र नेपाल तथा क्षेत्रीय बजारमा समेत बढदै गएको उर्जाको मागको कारणले नियमित रुपमा बजार बिस्तार समेत भईरहेको छ । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता बमोजिम बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागी लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण):** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले एक मात्र ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्स सँग निर्भर छ भने तत्सम्बन्धी विवरण):** त्यस्तो कुनै सप्लायर नभएको ।

## ग.३.ख. सम्पत्तिको विवरण :

**(क) संगठित संस्थाको स्थिर तथा अमूर्त सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** संगठित संस्थाको हालको स्थिर तथा अमुर्त सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ र सम्पूर्ण सम्पत्ति चालु अवस्थामा रहेको छ ।

स्थिर सम्पत्ति रहेको स्थान तथा अवस्थाको विवरण

| सि. नं. | सम्पतिको विवरण | खुद सम्पत्ति रकम २०७९ आषाढ मसान्त सम्म | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १ | आयोजना पहुँच मार्ग | – | आयोजनास्थल, इलाम न.पा. वडा नं.८ | चालु अवस्थामा रहेको । |
| २ | सिभिल वर्क्स पावर हाउस | २६०,२४२,००९.३७ | " | " |
| ३ | इलेक्ट्रोमेकानिकल वर्क्स | १५५,९६३,९३०.५८ | " | " |
| ४ | हाइड्रोमेकानिकल वर्क्स | ११८,४२३,३३७.०४ | " | " |
| ५ | ट्रान्समिसन लाइन | – | " | " |
| ६ | अन्य भौतिक संरचना | १४,६५०,४१२ | " | " |
| ७ | जग्गा तथा जग्गा विकास | १२,९२४,५८७.०८ | " | " |

*अमूर्त सम्पत्ति रहेको स्थान तथा अवस्थाको विवरणः अमूर्त सम्पत्ती नरहेको ।*

कम्पनीको आषाढ मसान्त, २०७९ सम्मको नेट र ग्रस मूल्य खुल्ने गरि स्थिर सम्पत्तिको रजिष्टर निम्न अनुसार रहेको छ ।

| विवरण | २०७७-२०७८ को अन्तिम मौज्दात रु. | यस वर्षको थप | यस वर्ष पूर्नमुल्याकंन पूर्नलेखन | यस वर्षको बिक्री | यस वर्षको अपलेखन | कुल रकम रु. | यस बर्ष सम्मको ह्रास कट्टी | २०७९ असार महिनाको बुक भ्यालु |
|---|---|---|---|---|---|---|---|---|
| अफिस फर्निचर तथा उपकरण | ४,२३७,५६६ | २७९,४१९ | | | | ४,५१६,९८५ | १,८०४,३१० | २,७१२,६७५ |
| परिबहन साधन | ४,८६९,००० | ६,५००,००० | | | | ११,३६९,००० | २,९४३,७३६ | ८,४२५,२६४ |
| भवन | २,५०३,९१२ | | | | | २,५०३,९१२ | १५०,३४९ | २,३५३,५६३ |
| जग्गा | १३,७५०,२२५ | | | | | १३,७५०,२२५ | ८२५,६३८ | १२,९२४,५८७ |
| सिभिल संरचनाहरु | २४२,३०७,८८७ | ३३,५११,५५८ | | | | २७५,८१९,४४५ | १५,५७७,४३६ | २६०,२४२,००९ |
| हाइड्रोमेकानिकल उपकरण/संरचना | १२५,९८८,३५८ | | | | | १२५,९८८,३५८ | ७,५६५,०२१ | ११८,४२३,३३७ |
| मुख्य बिद्युतिय उपकरण/संरचना | १६५,८०४,२१८ | ११९,१४८ | | | | १६५,९२३,३६६ | ९,९५९,४३५ | १५५,९६३,९३१ |
| अन्य समपत्तिहरु | १,००४,९४६ | ४९६,४९३ | | | | १,५०१,४३९ | ३४२,५२९ | १,१५८,९१० |
| **कुल** | **५६०,४६६,११२** | **४०,९०६,६१८** | – | – | – | **६०१,३७२,७३०** | **३९,१६८,४५४** | **५६२,२०४,२७६** |

कम्पनीको आषाढ मसान्त, २०७९ सम्मको नेट मूल्य खुल्ने गरि अमूर्त सम्पत्ति : अमूर्त सम्पत्ती नरहेको ।

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने):** आफ्नै सम्पत्ती भएको, तथापी उत्पादन अनुमतिपत्रको अवधि पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सम्बन्धित सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको र आयोजनाको ऋण लगानीकर्ता बैंक श्री राष्ट्रिय बाणिज्य बैंकका नाममा धितोबन्धक वा मोर्टगेज भएको ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसाबमा कायम गरिएको छ ।

**(ङ) सम्पत्तिको मूल्याङ्कन गरिएको तरिका सम्बन्धी विवरणः**

पावर प्लान्ट संरचनाहरु बाहेकका सम्पत्तिहरुलाई परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सोको पुनर मूल्याङ्कन गरिएको छैन । पावर प्लान्ट संरचनाहरुमा विद्युत ऐन, २०४९ को बमोजिम ३.०७ प्रतिशतले ह्रासकट्टी गरी लेखामान अनुसार बाँकी रहेको सम्पत्तिहरुलाई पावर प्लान्ट संरचनाको रुपमा राखिएको छ र सोको पुनर मूल्याङकन गरिएको छैन ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ) अन्य विवरणहरु (लागु हुने हदसम्म) :** सो नभएको ।

## ग.३.ग. भावी योजना तथा रणनीति :

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।

(२) नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण विकास गर्ने ।

(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने ।

(४) कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु प्राप्तिका लागि व्यावसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

**(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यावसायको भविष्य :**
नेपालमा जलविद्युत उत्पादनको र विकासको सम्भावना उच्च रहेको भएतापनि कुल राष्ट्रिय उर्जा खपतको केही अंश मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ । देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठ भूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग संग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिने संरचनाहरु निर्माण विकास हुँदै गरेको अवस्था छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्यवस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

## ग.३.घ. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

कम्पनीको नियमावलीको नियम २८ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालक सदस्य रहेको संचालक समिति रहने व्यवस्था छ । संचालक समितिमा संचालक सदस्यहरूको प्रतिनिधित्व देहायबमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| सर्वसाधारण शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्र संचालक | १ (एक) जना |
| **जम्मा संचालक** | **७ (सात) जना** |

*नोट : कम्पनीको संस्थापक समुहतर्फको ५१ प्रतिशत र स्थानियबासी, कर्मचारी, सामुहीक लगानी कोष र सर्वसाधारणको लागि ४९ प्रतिशत शेयर संरचना रहेकोमा शेयर संरचनाको आधारमा संचालकहको प्रतिनिधित्व आगामी साधारण सभाबाट समायोजन गरिनेछ । साथै स्वतन्त्र संचालकको हकमा आगामी आगामी साधारण सभा अगाबै नियुक्त गरीनेछ ।*

संचालक समितिको गठन कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार गरिएको छ । संचालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार

क) संस्थापक शेयरधनी समूहले आफ्नो नाममा कम्तीमा १,००० कित्ता शेयर लिएको हुनुपर्छ ।

ख) सर्वसाधारण शेयरधनीहरुले आफ्नो नाममा कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्छ ।

तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

## ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण:**

- **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु. ४०,००,००,०००/- (चालिस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले ४०,००,००० (चालिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी :** यस कम्पनीको तत्काल जारी पूँजी रु. ३९,२१,५६,८००/- (उन्नचालिस करोड एकाइस लाख छपन्न हजार आठ सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/(का दरले ३९,२१,५६८ (उन्नचालिस लाख एकाइस हजार पाच सय अठसाठी) थान शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी :** यस कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु.२०,००,००,०००/- (विस करोड) रहेको छ जसलाई रु.१००/- का दरले २०,००,००० (विस लाख) थान शेयरमा विभाजन गरिएको छ ।

यस विवरणपत्र मार्फत सर्वसाधारणका निमित्त छुट्टाइएको रु.१९,२१,५६,८००/- (उनाइस करोड एकाइस लाख छपन्न हजार आठ सय) रकम बराबरको रु.१००/- अंकित दरको १९,२१,५६८ (उनाइस लाख एकाइस हजार पाच सय अठसाठी) कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.३९,२१,५६,८००/- (उन्नचालिस करोड एकाइस लाख छपन्न हजार आठ सय) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|
| अधिकृत पूँजी (रु.) | २०,००,००,००० | २०,००,००,००० | ४०,००,००,००० | ४०,००,००,००० |
| जारी पूँजी (रु.) | २०,००,००,००० | २०,००,००,००० | ३९,२१,५६,८०० | ३९,२१,५६,८०० |
| चुक्ता पूँजी (रु.) | १४,००,००,००० | १४,००,००,००० | २०,००,००,००० | ३९,२१,५६,८०० |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):**
**साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने यस कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना % | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २०,००,००० | ५१% | २०,००,००,००० | शत प्रतिशत भुक्तानी भएको |
| ख | स्थानीय बासिन्दाहरु सर्वसाधारण शेयरधनीहरु | ३,९२,१५७ | १०% | ३९२,१५,७०० | निष्काशन पश्चात शत प्रतिशत भुक्तानी हुने |
| ग | (वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, कर्मचारी तथा सामूहिक लगानी कोष सहित) | १५,२९,४११ | ३९% | १५,२९,४१,१०० | निष्काशन पश्चात शत प्रतिशत भुक्तानी हुने |
| | **जम्मा** | **३९,२१,५६८** | **१००%** | **३९,२१,५६,८००** | |

नोट :
मिति २०७९/०७/१७ गते देखि लागु हुने गरी स्वीकृत भएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैंठौं संशोधन २०७९) को दफा ४ (ख) (१) मा व्यवस्था भए बमोजिम सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि छुट्याईएको ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :**
निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

## ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

### क.संस्थापक/सञ्चालकको पृष्ठभूमि :

### (क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभवर प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**आधारभूत शेयरधनीहरुको विवरण:**

| क्र.स. | शेयरवालाको नाम, थर तथा ठेगाना | पद | शेयर स्वामित्व | शेयर स्वामित्व प्रतिशतमा | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता लागु नहुने | अनुभव (पूर्व र हाल) |
|---|---|---|---|---|---|---|---|---|
| १ | **डादी ग्रुप पावर लिमिटेड,** का.म.न.पा.२९, काठमाडौं । | संस्थापक शेयरधनी | १४,००,००० | ७० | – | नेपाली | - | विद्युत उत्पादन गर्ने कम्पनी |
| २ | **दिनेश गुरुङ,** सितापाईला ९, काठमाण्डौं | संचालक | १,००,००० | ५ | ४९ | नेपाली | प्लस टु | रियल स्टेट र जलविद्युत क्षेत्रमा संलग्न |
| ३ | **श्रीजेश गुरागाई,** बुढानिलकण्ठ न.पा.८ काठमाण्डौ । | शेयरधनी | २,००,००० | १० | २२ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| ४ | **सौरभ गुरागाई,** बुढानिलकण्ठ न.पा.८, काठमाण्डौ । | शेयरधनी | १,००,००० | ५ | ३५ | नेपाली | स्नातक | जलविद्युत क्षेत्रमा संलग्न |
| ५ | **भुषण गुरागाई,** बुढानिलकण्ठ न.पा.८, काठमाण्डौ । | संचालक | ९०,००० | ४.५ | ३९ | नेपाली | एम बि बि एस | जलविद्युत क्षेत्रमा संलग्न |
| ६ | **ज्ञानेन्द्र कुमार शर्मा,** बुढानिलकण्ठ न.पा.८, काठमाण्डौ । | संचालक | १,००,००० | ५ | ५४ | नेपाली | एम बि बि एस | जलविद्युत क्षेत्रमा संलग्न |

**सञ्चालकहरुको विवरण:**

| क्र.स. | नाम/ठेगाना | पद | राष्ट्रियता | उमेर | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव सम्बन्धित | अन्य अनुभव | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **श्री शैलेन्द्र गुरागाई** बुढानिलकण्ठ न.पा. वडा नं. ८, काठमाडौं । (प्रतिनिधि : डादी ग्रुप पावर लिमिटेड) | अध्यक्ष | नेपाली | ५६ | - | एम एस सी इन्जिनीयरिङ्ग | विगत २० वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | नभएको | नभएको |
| २ | **भुषण गुरागाई** बुढानिलकण्ठ न.पा. वडा नं. ८, काठमाण्डौ । (प्रतिनिधि : डादी ग्रुप पावर लिमिटेड) | सञ्चालक | नेपाली | ३९ | - | एम बी बी एस | विगत ७ वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | स्वास्थ्य क्षेत्रमा अनुभव भएको । | नभएको |
| ३ | **दिनेश गुरुङ** सितापाईला ९, काठमाण्डौ (प्रतिनिधि : डादी ग्रुप पावर लिमिटेड) | सञ्चालक | नेपाली | ४९ | - | प्लस टु | विगत १२ वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | रियल इस्टेट व्यवसायमा अनुभव भएको । | नभएको |
| ४ | **श्रीजेश गुरागाई** बुढानिलकण्ठ न.पा. वडा नं. ८, काठमाडौं । संस्थापक शेयरधनीको तर्फबाट | सञ्चालक | नेपाली | २२ | २,००,००० | स्नातक | विगत २ वर्ष देखि जलविद्युत क्षेत्रको विकासमा सक्रिय सहभागी भै जलविद्युत उत्पादन तथा वितरणमा संलग्न | नभएको | नभएको |

### (ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

| सि.नं. | संस्थाको नाम ठेगाना | उद्देश्य | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|---|
| १ | डादी ग्रुप पावर लिमिटेड, अनामनगर २९, काठमाण्डौं | कम्पनीको उद्देश्य : नेपाल सरकारको अनुमति लिई जलविद्युत शक्ति उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी कार्य गर्नका लागि नयाँ आयोजनाहरु तयार गर्ने । रजिष्टर्ड नं. ३८४६७/२०६२/०६३ दर्ता मिति: २०६२/११/०९ अधिकृत पूँजी : रु. २,५०,००,००० जारी पूँजी : रु. २,१२,०७,९७,१०० चुक्ता पूँजी : रु. ७०,६९,३२,४०० | १. श्री रबिन सुवेदी, अध्यक्ष, बुढानिलकण्ठ १, काठमाडौं ।<br>२. श्रीमती रञ्जु अधिकारी, संचालक, भद्रपुर न.पा १५, झापा ।<br>३. श्रीमती रिली गुरुङ्ग, सितापाइला ९, काठमाडौं ।<br>४. श्री विकास गिरी, मोतीपुर ५, कपिलवस्तु ।<br>५. श्री सत्य नारायण प्रजापति, भक्तपुर न.पा १, भक्तपुर ।<br>६. श्री सुधाँसु तुलस्यान, बीरगंज उपन.पा १३, पर्सा ।<br>७. श्रीमति लक्ष्मी शोभा गोसाइ, भक्तपुर न.पा १, भक्तपुर । |

**(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी,संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना:**

| सि.नं. | नाम | सञ्चालकहरु आबद्ध रहेका कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण |
|---|---|---|
| १ | श्री शैलेन्द्र गुरागाईं<br>(प्रतिनिधिः डादी ग्रुप पावर लिमिटेड) | अक्ष्यक्ष : सिउरी न्यादी पावर लि.<br>अध्यक्ष : समृद्धि इनर्जी प्रा. लि. |
| २ | डा. श्री भुषण गुरागाईं<br>(प्रतिनिधिः डादी ग्रुप पावर लिमिटेड) | अध्यक्ष : बरुण हाइड्रोपावर कम्पनी लि.<br>संचालक : सगरमाथा जलविद्युत कम्पनी लिमिटेड (प्रतिनिधि-डादी ग्रुप पावर लिमिटेड) |
| ३ | श्री दिनेश गुरुङ<br>(प्रतिनिधिः डादी ग्रुप पावर लिमिटेड) | संचालक : सिउरी न्यादी पावर लिमिटेड<br>संचालक : रिभर फल्स पावर लिमिटेड |
| ४ | श्रीजेश गुरागाईं<br>संस्थापक शेयरधनीको तर्फबाट | संचालक : सगरमाथा जलविद्युत कम्पनी लिमिटेड (प्रतिनिधि-डादी ग्रुप पावर लिमिटेड) |

**नोट : कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको र** श्री शैलेन्द्र गुरागाईं, डा. श्री भुषण गुरागाईं, श्री दिनेश गुरुङ डादी ग्रुप पावर लि. बाट यस कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गरेको ।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) कम्पनीको कुनै शेयरधनीले संचालक समितिको पूर्व स्वीकृती नलिई आफ्नो नाममा रहेको शेयर कम्पनीको शेयरधनी वाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्ने छैन ।

ख) आफ्नो नाममा रहेका शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहने शेयरधनीहरुले संचालक समितिमा लिखित रुपमा जानकारी गराउनुपर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर बिक्री गर्न लागेको भए आफूले बिक्री गर्न चाहेको शेयरको मुल्य र धितोबन्धक राख्न चाहेको भए धितोबन्धक लिने व्यक्तिको नाम, ठेगाना, धितो बापत लिएको ऋण, धितो फुकुवा हुने प्रस्तावित मिति खुलाउनु पर्नेछ ।

ग) "धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्कासन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक संगठीत संस्थाका कर्मचारी तथा आयोजना प्रभावित जिल्लाका स्थानीय बासिन्दा) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

## ग.५.ख. संस्थापक/सञ्चालकसँगको कारोवार:

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सूविधा दिए वापत बैंकले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

सञ्चालकहरुको लागि कम्पनीको साधारणसभाले निर्धारण गरे बमोजिम आ.ब. २०७८/७९ सम्म सञ्चालक समितिको बैठकमा बैठक भत्ता प्रदान गरिएको छैन । सो बाहेक कम्पनीका संचालकलाइ पारिश्रमिक, दैनिक भत्ता तथा अन्यकुनै सुविधा प्रदान गरिएको छैन । संस्थापक वा सञ्चालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा कम्पनीले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्तिवा सेवा समेत प्राप्त गरेको छैनन् ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका:** लागु नहुने ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण:** यस कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्वनिजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकम सम्ममात्र सीमित रहनेछ ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण:**

| क्र.स. | कर्मचारीको नाम | नियुक्ती मिति | पद | शैक्षिक योग्यता | अनुभव तथा हाल जिम्मेवारी | शेयर संख्या | अन्य संस्थामा लगानी शेयर संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | रितेश रजक | २०७९/०१/०५ | प्रमुख कार्यकारी अधिकृत | स्नातक | जलविद्युत लगायत वित्तीय क्षेत्रमा ३ वर्षको अनुभव रहेको । | नभएको | नभएको |
| २ | भरत गुरागाई | २०७८/०७/०५ | आयोजना व्यवस्थापक | स्नातक | जलविद्युत निर्माण एवं संचालनमा १० वर्षको अनुभव, हाल विद्युत गृह संचालनको सम्पूर्ण जिम्मेवारीमा रहेको । | नभएको | नभएको |

**संगठित संस्थाका कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्न भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण:** सो नभएको ।

**(ग) कर्मचारीको संख्या: स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य:**

| क्र.सं. | स्थायी | अस्थायी | करार | ज्यालादारी | प्रशिक्षार्थी | अन्य | कुलकर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | २७ | - | - | - | - | - | २७ |

**ग.७.ख. सञ्चालक एवम् उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :** सो नभएको ।

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार हुने व्यवस्था रहेको । हाल सम्म साधारण सभाले कम्पनीका संचालक समितिका सदस्यलाई बैठक भत्ता प्रदान नगरिएको । संचालकले कुनै सुविधा पाउने निर्णय गरेको छैन ।

**(ख) उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिइने भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण:** व्यबस्था नरहेको

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण:** सो नभएको

**ग.८.अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा:**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजना सँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम:** कुनै कारणले आयोजना बन्द गर्नु परेमा आय आर्जनमा नकारात्मक प्रभाव पर्न गई कर्जाको सावां ब्याज, सालबसाली खर्च र मर्मत संभारमा समस्या हुन सक्ने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम:** माई खोलाको जलाधार क्षेत्रमा अप्रत्याशित रुपमा जलवायु परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन एबम् आय घट्न सक्ने ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम:** हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्यवृद्धि (Cost Overrun) को जोखिम:** आयोजना सम्पन्न भई सकेकोले यस्तो जोखिम नरहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम:** विदेशी विनिमयको जोखिम नरहेको ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु:** आवश्यक सम्पूर्ण अनुमति वा इजाजत प्राप्त भैसकेको र आयोजना सम्पन्न भई नियमित रुपमा विद्युत उत्पादन भइरहेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्नहुन सक्ने जोखिम:**

- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु: त्यस्तो जोखिम नरहेको
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु: कम्पनीलाई त्यस्तो जोखिम नरहेको ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम : नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु :

- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वत नभएमा श्रृजना हुन सक्ने जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) सञ्चालन इतिहासको अभाव: मिति २०७३/०४/१७ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा माई खोला हाइड्रोपावर को नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमादर्ता भई मिति २०७८/०३/२० मा पब्लिक लिमिटेड कम्पनीमा परिणतमा भई माई खोला हाइड्रोपावर लिमिटेडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनीको संचालन इतिहास करिव ६ वर्ष भन्दा बढीको रहेको छ ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :

- प्रविधि सम्बन्धी परिवर्तनबाट जलविद्युत कम्पनीको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गरी जडान गरी सकेको छ । जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरण सहित सम्पूर्ण संरचनाहरुको नै बिमागरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहजहुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्यून भएको ।

(ट) अन्य :

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
- प्राकृतिक प्रकोपको तथा कावु बाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization)का कारणबाट उत्पन्नहुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि( नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीका नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ । उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यबस्थापनको धारणा रहेको छ । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादनहुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्दभएमा बन्द भएको अवधिको नोक्सान वापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ । कम्पनीको संभावित नोक्सानी बहन गर्न  देहाय बमोजिमको बीमा कम्पनीमा निम्न रकम बराबरको बीमा गरिएको छ:

| बीमा कम्पनीको नाम | जोखिमको किसिम | बीमाङ्क रकम रु. | प्रिमियमको रकम रु. | प्रिमियमको रकम भुक्तानी मिति | बहाल रहने अवधि |
|---|---|---|---|---|---|
| एनएलजी इन्सुरेन्स कम्पनी लि. | सम्पत्ति बीमा | ४३,५३,६८,४३७.५० | ९,१०,१५७.७२ | २०७९/०३/१७ | २०८०/०३/१६ |
| एनएलजी इन्सुरेन्स कम्पनी लि. | लस अफ प्रोफिट बीमा | १०,८९,४५,०५८.६९ | ११,०७,९९१.२५ | २०७९/०३/१७ | २०८०/०३/१६ |
| एनएलजी इन्सुरेन्स कम्पनी लि. | मेशिनरी ब्रेक डाउन बीमा | ४,५४,४२,५६२/- | ४,६२,१७०.८६ | २०७९/०३/१७ | २०८०/०३/१६ |

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः** रु.१०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ग.९. वित्तीय विवरणः

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषणः**

**(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.व. २०७८/७९ को लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छः-

### वासलात (आषाढ ३२, २०७९)

| पूँजी तथा दायित्व | आ.व. २०७८।७९ |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेशिनरी (कुल) | ६०१,३७२,७३० |
| न्यूनः संचयी ह्रास | (३९,१६८,४५४) |
| सम्पत्ति, प्लाण्ट तथा मेशिनरी (खुद) | ५६२,२०४,२७६ |
| **जम्मा गैर चालु सम्पत्ति** | **५६२,२०४,२७६** |
| **चालु सम्पत्ति** | |
| लगानी (परल मूल्यमा) | ३०,०००,००० |
| नगद तथा बैंक मौज्दात | १,२४८,४२१ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकि | ४५,६८७,११२ |
| **जम्मा चालु सम्पत्ति** | **७६,९३५,५३३** |
| **जम्मा सम्पत्ति** | **६३९,१३९,८०९** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शृयर पूँजी | २००,०००,००० |
| शेयरको लागि पेश्की | - |
| संचित जगेडा तथा कोष/(घाटा) | २३,३४३,५६७ |
| **जम्मा पूँजी** | **२२३,३४३,५६७** |
| **दीर्घकालीन ऋृण** | |
| सुरक्षित आवधिक कर्जा | ४०७,८८५,८३७ |
| **जम्मा दीर्घकालीन ऋृण** | **४०७,८८५,८३७** |
| **चालु दायित्व तथा व्यवस्थाहरु** | |
| छोटो अवधि सापटि | - |
| व्यवसायिध तथा अन्य दायित्वहरु | ७,३१३,२३२ |
| अग्रिम कर कट्टि रकमहरु | ५९७,१७३ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **७,९१०,४०५** |
| **जम्मा पूँजी तथा दायित्व** | **६३९,१३९,८०९** |

## नाफा नोक्सान हिसाब (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९ सम्म)

| **विवरण** | **आ.व. २०७८/७९** |
|---|---|
| विद्युत बिक्री आम्दानी | ७०,३१८,८२३ |
| न्यून: सलामी दस्तुर खर्च | १,७०६,११३ |
| न्यून: आयोजना खर्चहरु | ७,७७१,२३५ |
| **कुल नाफा** | **६०,८४१,४७५** |
| थप: अन्य आम्दानी | ९,५३७,९९५ |
| **न्यून:** | |
| **संचालन खर्चहरु** | |
| प्रसाशनिक खर्चहरु | ५,०१०,५७२ |
| नेपाल विद्युत प्राधिकरण शुल्कहरु | ४४५,७११ |
| **संचालन मुनाफा** | **६४,९२३,१८७** |
| **गैर संचालन खर्चहरु** | |
| आर्थिक खर्च | २६,८१९,७१० |
| ह्रास खर्च | २०,६००,७३४ |
| **कर तथा बोनस अघिको नाफा** | **१७,५०२,७४३** |
| कर्मचारी बोनस व्यवस्था | - |
| **कर अघिको नाफा** | **१७,५०२,७४३** |
| चालु आयकर | - |
| डेफर्ड कर | - |
| **कर पछिको नाफा** | **१७,५०२,७४३** |
| **नाफा/नोक्सान बाँडफाँड** | |
| यस वर्षको नाफा/(नोक्सान) | १७,५०२,७४३ |
| अघिल्लो वर्षसम्मको नाफा/(नोक्सान) | ५,८४०,८२४ |
| न्यून: लाभाँश वितरण | - |
| न्यून: नगद लाभाँश कर | - |
| **वासलातमा सारिएको** | **२३,३४३,५६७** |

## नगद प्रवाह विवरण (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९ सम्म)

| विवरण | आ.व. २०७८।७९ |
|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | |
| यस वर्षको नाफा / (नोक्सान) | १,७५,०२,७४३ |
| थपः आर्थिक लागत | २,६८,१९,७१० |
| थपः ह्रास खर्च | २,०६,००,७३४ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **६,४९,२३,१८७** |
| चालु सम्पत्तिमा (बृद्धि)/कमी | (३,१५,४२,८०६) |
| चालु दायित्वमा बृद्धि/(कमी) | ६४,४४,२८९ |
| **जम्मा कारोबार संचालनबाट नगद प्रवाह (क)** | **३,९८,२४,६७०** |
| **लगानी कारोबारबाट नगद प्रवाह** | |
| लगानीमा (बृद्धि)/कमी | (३,००,००,०००) |
| स्थिर सम्पत्तिमा (बृद्धि)/कमी | (४,०२,२४,७१८) |
| आयोजना कार्य सम्पादनमा (बृद्धि)/कमी | |
| **जम्मा लगानी कारोबारबाट नगद प्रवाह (ख)** | **(७,०२,२४,७१८)** |
| **वित्तीय कारोबारबाट नगद प्रवाह** | |
| शेयर निष्काशन | ६,००,००,००० |
| बैंक कर्जामा बृद्धि/(कमी) | (७८,६८,५१२) |
| लाभाँश भुक्तानी | - |
| न्यूनः आर्थिक लागत | (२,६८,१९,७१०) |
| **जम्मा वित्तीय कारोबारबाट नगद प्रवाह (ग)** | **२,५३,११,७७८** |
| सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग) | (५७,७०,१७०) |
| **जोडः नगद तथा बैंकमा रहेको शुरु मैज्दात** | **७०,१८,५९०** |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१२,४८,४२०** |

**(आ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भै नसकेको अवस्थामा सञ्चालन अवधि भरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण:** आ.ब. २०७६/७७, २०७७/७८ र २०७८/७९ को लेखापरिक्षण भएको वासलात, नाफा(नोक्सान हिसाब, नाफा(नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

## वासालात

| विवरण | वास्तविक २०७६/७७ | वास्तविक २०७७/७८ | वास्तविक २०७८/७९ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पति, प्लाण्ट तथा मेशिनरी | २,२५,२३,५८१ | ५४,१८,९८,३९३ | ५६,२२,०४,२७६ |
| आयोजना कार्य प्रगति | ३९,९१,४५,८२२ | | |
| लगानी | – | – | ३,००,००,००० |
| **जम्मा गैर चालु सम्पत्ति** | **४२,१६,६९,४०३** | **५४,१८,९८,३९३** | **५९,२२,०४,२७६** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ७३,८८,२२१ | ७०,१८,५९० | १२,४८,४२१ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकि | ६,५७,६५,६६४ | १,४१,४४,३०५ | ४,५६,८७,१११ |
| **जम्मा चालु सम्पत्ति** | **७,३१,५३,८८५** | **२,११,६२,८९५** | **४,६९,३५,५३२** |
| **जम्मा सम्पत्ति** | **४९,४८,२३,२८८** | **५६,३०,६१,२८८** | **६३,९१,३९,८०८** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | ७,५०,००,००० | ११,४०,००,००० | २०,००,००,००० |
| शेयरको लागि पेश्की | ६,१४,३५,४८९ | २,६०,००,००० | |
| संचित जगेडा तथा कोष/(घाटा) | – | ५८,४०,८२४ | २,३३,४३,५६७ |
| **जम्मा पूँजी** | **१३,६४,३५,४८९** | **१४,५८,४०,८२४** | **२२,३३,४३,५६७** |
| **दीर्घकालीन ऋृण** | | | |
| सुरक्षित आवधिक कर्जा | ३४,२४,५१,९१२ | ४१,५७,५४,३४८ | ४०,७८,८५,८३६ |
| **जम्मा दीर्घकालीन ऋण** | **३४,२४,५१,९१२** | **४१,५७,५४,३४८** | **४०,७८,८५,८३६** |
| **चालु दायित्व तथा व्यवस्थाहरु** | | | |
| छोटो अवधि सापटी | | – | – |
| व्यवसायिक तथा अन्य दायित्वहरु | १,५९,३५,८८७ | १४,६६,११६ | ७९,१०,४०५ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **१,५९,३५,८८७** | **१४,६६,११६** | **७९,१०,४०५** |
| **जम्मा पूँजी तथा दायित्व** | **४९,४८,२३,२८८** | **५६,३०,६१,२८८** | **६३,९१,३९,८०८** |

## नाफा-नोक्सान हिसाब

| विवरण | वास्तविक २०७६/७७ | वास्तविक २०७७/७८ | वास्तविक २०७८/७९ |
|---|---|---|---|
| विद्युत विक्रि आम्दानी | – | ६,९८,४६,५६० | ७,०३,१८,८२३ |
| थपः अन्य आम्दानी | – | – | ९५,३७,९९५ |
| **जम्मा आम्दानी** | – | **६,९८,४६,५६०** | **७,९८,५६,८१८** |
| न्यूनः | | | |
| प्रत्यक्ष खर्चहरु | | | |
| सलामी दस्तुर खर्च | | १६,८२,७४३ | १७,०६,११३ |
| आयोजना खर्चहरु | | ५८,२५,९५१ | ८२,१६,९४६ |
| **कुल नाफा** | – | **६,२३,३७,८६६** | **६,९९,३३,७५९** |
| **न्यूनः** | | | |
| संचालन खर्चहरु | | | |
| प्रशासनिक खर्चहरु | – | १६,८१,८१५ | ५०,१०,५७२ |
| शेयर निश्कासन खर्चहरु | – | – | – |
| **संचालन नाफा** | – | **६,०६,५६,०५१** | **६,४९,२३,१८७** |
| **न्यूनः** | | | |
| गैर संचालन खर्चहरु | | | |
| आर्थिक खर्च | | ३,६२,४७,५०८ | २,६८,१९,७१० |
| ह्रास खर्च | | १,८५,६७,७१९ | २,०६,००,७३४ |
| **कर तथा बोनस अधिको नाफा** | – | **५८,४०,८२४** | **१,७५,०२,७४३** |
| न्यूनः | | | |
| कर्मचारी बोनस | – | – | – |
| **कर अधिको नाफा** | – | **५८,४०,८२४** | **१,७५,०२,७४३** |
| चालु आयकर | – | – | |
| डेफर्ड आयकर | – | – | – |
| **कर पछिको नाफा** | – | **५८,४०,८२४** | **१,७५,०२,७४३** |
| **नाफा/(नोक्सान) बाँडफाँड** | | | |
| यस वर्षको नाफा/(नोक्सान) | – | ५८,४०,८२४ | १,७५,०२,७४३ |
| अघिल्लो वर्षसम्मको नाफा/(नोक्सान) | – | – | ५८,४०,८२४ |
| न्यूनः लाभाँश भुक्तानी | – | – | |
| **बासलातमा सारिएको** | – | **५८,४०,८२४** | **२,३३,४३,५६७** |

## नगद प्रवाह विवरण

| विवरण | वास्तविक २०७६/७७ | वास्तविक २०७७/७८ | वास्तविक २०७८/७९ |
|---|---|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | | | |
| यस वर्षको नाफा/(नोक्सान) | - | ५८,४०,८२४ | १,७५,०२,७४३ |
| थपः आर्थिक लागत | - | ३,६२,४७,५०८ | २,६८,१९,७१० |
| थपः ह्रास खर्च | १०,२५,८८२ | १,८५,६७,७१९ | २,०६,००,७३४ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **१०,२५,८८२** | **६,०६,५६,०५१** | **६,४९,२३,१८७** |
| चालु सम्पत्तिमा (बृद्धि)/कमी | (२,२१,५८,९६४) | ५,१६,२१,३५९ | (३,१५,४२,८०६) |
| चालु दायित्वमा बृद्धि/(कमी) | १,२२,०६,०६२ | (१,४४,६९,७७३) | ६४,४४,२८९ |
| **जम्मा कारोबार संचालनबाट नगद प्रवाह (क)** | **(८९,२७,०२०)** | **९,७८,०७,६३७** | **३,९८,२४,६७०** |
| **लगानी कारोबारबाट नगद प्रवाह** | | | |
| लगानीमा (बृद्धि)/कमी | - | | (३,००,००,०००) |
| स्थिर सम्पत्तिमा (बृद्धि)/कमी | (१,००,९४,९३८) | (५३,६६,०४,३७६) | (४,०२,२४,७१८) |
| आयोजना कार्य सम्पादनमा (बृद्धि)/कमी | (३६,३१,१२,५०९) | ३९,७८,०७,६६७ | |
| **जम्मा लगानी कारोबारबाट नगद प्रवाह (ख)** | **(३७,३२,०७,४४७)** | **(१३,८७,९६,७०९)** | **(७,०२,२४,७१८)** |
| **वित्तीय कारोबारबाट नगद प्रवाह** | | | |
| शेयर निश्कासन | ४,५३,८३,००० | ३५,६४,५११ | ६,००,००,००० |
| बैंक कर्जामा बृद्धि/(कमी) | ३४,२४,५१,९११ | ७,३३,०२,४३७ | (७८,६८,५१२) |
| लाभाँश भुक्तानी | - | - | - |
| न्यूनः आर्थिक लागत | - | (३,६२,४७,५०८) | (२,६८,१९,७१०) |
| **जम्मा वित्तीय कारोबारबाट नगद प्रवाह (ग)** | **३८,७८,३४,९११** | **४,०६,१९,४४०** | **२,५३,११,७७८** |
| सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग) | ५७,००,४४४ | (३,६९,६३२) | (५७,७०,१७०) |
| **जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **१६,८७,७७७** | **७३,८८,२२२** | **७०,१८,५९०** |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **७३,८८,२२१** | **७०,१८,५९०** | **१२,४८,४२०** |

**(ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्तअन्तरिम अवधिको लागि व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :** आर्थिक वर्ष २०७९/८० को पौष मसान्त सम्मको वित्तीय विवरण निम्न अनुसारको छ :

## वासलात (२०७९ श्रावण १ देखि पौष मसान्त सम्म)

| पूँजी तथा दायित्व | रकम |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| कुल सम्पत्ति, प्लान्ट तथा उपकरणहरु | ६१७,२८९,२९६.५० |
| न्यूनः संचित ह्रास | (४९,३९७,६१४.२५) |
| खुद सम्पत्ति, प्लान्ट तथा उपकरण | ५६७,८९१,६८२.२५ |
| | **५६७,८९१,६८२.२५** |
| **चालु सम्पत्ति** | |
| लगानी | - |
| नगद, बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | २६,५३१,३९५.४१ |
| अग्रिम भुक्तानी रकम र पेश्की | २२,९९३,७५७.९० |
| | ४९,५२५,१५३.३१ |
| **जम्मा सम्पत्ति** | **६१७,४१६,८३५.५५** |
| **पूँजी तथा दायित्वहरु** | |
| **पूँजी** | |
| शेयर पूँजी | २००,०००,०००.०० |
| शेयर पूँजीको लागि पेश्की | - |
| संचित नाफा | १२,०११,६६३.७५ |
| **जम्मा पूँजी** | **२१२,०११,६६३.७५** |
| **दीर्घकालीन ऋृण** | |
| सुरक्षित आवधिक ऋृण | ४०१,७९५,१५९.०० |
| | **४०१,७९५,१५९.००** |
| **चालु दायित्व तथा व्यवस्थाहरु** | |
| छोटो अवधिका उधारोहरु | - |
| व्यापारिक तथा अन्य भुक्तानी योग्य | २,३९४,०५०.२२ |
| श्रोतमा कर कट्टि भुक्तानी योग्य | १,२१५,९६२.५८ |
| | ३,६१०,०१२.८० |
| **जम्मा शेयर पूँजी तथा दायित्वहरु** | **६१७,४१६,८३५.५५** |

## नाफा नोक्सान हिसाव २०७९ श्रावण १ देखि पौष मसान्त सम्म

| विवरण | रकम |
|---|---|
| प्रत्यक्ष आम्दानी | ४७,३२२,४०३.९७ |
| न्यून: सलामी दस्तुर | ९४६,४४५.८८ |
| न्यून: आयोजना खर्चहरु | ३,३३०,१३३.६५ |
| **कुल नाफा** | **४३,०४५,८२४.४४** |
| थप: अन्य आम्दानी | ७२५,५६९.१८ |
| **संचालन खर्चहरु** | |
| प्रशासनिक खर्च ह्रास | ३,२७१,६८२.१२ |
| एनइए शुल्क | ४३२,०००.०० |
| **संचालन नाफा** | **४०,०६७,७११.५०** |
| **गैर संचालन खर्चहरु** | |
| वित्तीय खर्च | २०,११७,८२२.९१ |
| ह्रास खर्चहरु | १०,२२९,१६०.४८ |
| **बोनस तथा कर अघिको नाफा/(नोक्सान)** | **९,७२०,७२८.११** |
| बोनस व्यवस्था | - |
| **कर अघिको नाफा/(नोक्सान)** | **९,७२०,७२८.११** |
| आयकर | - |
| डेफर्ड कर | - |
| **कर पछिको नाफा** | **९,७२०,७२८.११** |
| **नाफा/(नोक्सान) बाँडफाँड** | |
| यस वर्षको नाफा/(नोक्सान) | ९,७२०,७२८.११ |
| गत वर्षसम्मको नाफा/(नोक्सान) | २३,३४३,५६७.२३ |
| न्यून: लाभाँश भुक्तानी | (२१,०५२,६३१.५८) |
| न्यून: लाभाँशको लागि नगद कर | |
| **बाँकि वासलातमा सारिएको** | **१२,०११,६६३.७५** |

## नगद प्रवाह विवरण

| विवरण | रकम |
|---|---|
| **संचालन कार्यबाट नगद प्रवाह** | |
| खुद नाफा/(नोक्सान) | ९,७२०,७२८.११ |
| थपः वित्तीय खर्च | २०,११७,८२२.९१ |
| थपः सम्पत्ति बिक्रिबाट नोक्सान | – |
| थपः ह्रास | १०,२२९,१६०.४८ |
| **कार्यशील पूँजीमा परिवर्तन अघिको खुद नगद प्रवाह** | **४०,०६७,७११.५०** |
| चालु सम्पत्तिमा (बृद्धि)/घटि | २२,६९३,३५४.१० |
| चालु दायित्वमा बृद्धि/(घटि) | (४,३००,३९२.२०) |
| **क) संचालन कार्यबाट खुद नगद प्रवाह** | **५८,४६०,६७३.४०** |
| | |
| **लगानी कार्यबाट नगद प्रवाह** | |
| लगानीमा बृद्धि | ३०,०००,०००.०० |
| खरीद/स्थिर सम्पत्ति पूँजीकरण | (१५,९१६,५६६.५०) |
| न्यूनः यस वर्षको डिस्पोजल | – |
| **ख) लगानी कार्यबाट खुद नगद प्रवाह** | **१४,०८३,४३३.५०** |
| | |
| **वित्तीय कार्यबाट नगद प्रवाह** | |
| शेयर पूँजी जारी गरिएको | – |
| बैंकको ऋणमा बृद्धि/(घटि) | (६,०९०,६७८.००) |
| लाभाँश भुक्तानी | (२१,०५२,६३१.५८) |
| न्यूनः वित्तीय खर्चहरु | (२०,११७,८२२.९१) |
| **ग) वित्तीय कार्यबाट खुद नगद प्रवाह** | **(४७,२६१,१३२.४९)** |
| | |
| **खुद नगद प्रवाह (क, ख र ग को जोड)** | **२५,२८२,९७४.४१** |
| थपः नगद तथा नगद बराबरको शुरु मौज्दात | १,२४८,४२१.०० |
| **वर्षको अन्तमा नगद तथा नगद बराबर** | **२६,५३१,३९५.४१** |

**(घ) आम्दानी र खर्च हिसाबको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

**(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भएपश्चात संगठित संस्थाको कारोवार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :** सो नभएको

**(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मिति सम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी :** सो नभएको ।

**(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

**(ज) आगामी तीनवर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**
कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

## वासालात

| विवरण | प्रक्षेपित २०७९/८० | प्रक्षेपित २०८०/८१ | प्रक्षेपित २०८१/८२ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पति, प्लाण्ट तथा मेशिनरी | ५५९,०१३,६०४ | ५३९,०५९,७०४ | ५१९,५२४,७३२ |
| आयोजना कार्य प्रगति | | | |
| लगानी | | - | - |
| **जम्मा गैर चालु सम्पत्ति** | **५५९,०१३,६०४** | **५३९,०५९,७०४** | **५१९,५२४,७३२** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ४१,१६१,६८९ | ७०,८७१,४२३ | १०१,७८३,८९१ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकि | १८,९७२,२५८ | १९,३३८,२३९ | १९,७१५,५८८ |
| **जम्मा चालु सम्पत्ति** | **६०,१३३,९४७** | **९०,२०९,६६२** | **१२१,४९९,४७९** |
| **जम्मा सम्पत्ति** | **६१९,१४७,५५१** | **६२९,२६९,३६६** | **६४१,०२४,२११** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | ३९२,१५६,८०० | ३९२,१५६,८०० | ३९२,१५६,८०० |
| शेयरको लागि पेश्की | | | |
| संचित जगेडा तथा कोष/(घाटा) | १५,४५२,२३६ | ३८,९४०,९१९ | ६५,४५९,७१७ |
| **जम्मा पूँजी** | **४०७,६०९,०३६** | **४३१,०९७,७१९** | **४५७,६१६,५१७** |
| **दीर्घकालीन ऋण** | | | |
| सुरक्षित आवधिक कर्जा | २०३,३९०,७९८ | १८९,७७९,४९८ | १७४,७६३,७८१ |
| **जम्मा दीर्घकालीन ऋण** | **२०३,३९०,७९८** | **१८९,७७९,४९८** | **१७४,७६३,७८१** |
| **चालु दायित्व तथा व्यवस्थाहरु** | | | |
| छोटो अवधि सापटी | - | - | - |
| व्यवसायिक तथा अन्य दायित्वहरु | ८,१४७,७१७ | ८,३९२,१४९ | ८,६४३,९१३ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **८,१४७,७१७** | **८,३९२,१४९** | **८,६४३,९१३** |
| **जम्मा पूँजी तथा दायित्व** | **६१९,१४७,५५१** | **६२९,२६९,३६६** | **६४१,०२४,२११** |

## नाफा-नोक्सान हिसाब

| विवरण | प्रक्षेपित २०७९/८० | प्रक्षेपित २०८०/८१ | प्रक्षेपित २०८१/८२ |
|---|---|---|---|
| विद्युत विक्रि आम्दानी | ७८,१२१,००० | ८०,३१६,८८९ | ८२,५८०,९८४ |
| थपः अन्य आम्दानी | - | - | - |
| **जम्मा आम्दानी** | **७८,१२१,०००** | **८०,३१६,८८९** | **८२,५८०,९८४** |
| न्यूनः | | | |
| प्रत्यक्ष खर्चहरु | | | |
| सलामी दस्तुर खर्च | १,८६२,४२० | १,९०६,३३८ | १,९५१,६२० |
| आयोजना खर्चहरु | ८,९६३,४५४ | ९,७३२,३५८ | १०,५२४,३२९ |
| **कुल नाफा** | **६७,२९५,१२६** | **६८,६७८,१९३** | **७०,१०५,०३५** |
| **न्यूनः** | | | |
| संचालन खर्चहरु | | | |
| प्रशासनिक खर्चहरु | ५,१६०,८८९ | ५,३१५,७१६ | ५,४७५,१८७ |
| शेयर निश्कासन खर्चहरु | ७,५००,००० | - | - |
| **संचालन नाफा** | **५४,६३४,२३७** | **६३,३६२,४७७** | **६४,६२९,८४८** |
| **न्यूनः** | | | |
| गैर संचालन खर्चहरु | | | |
| आर्थिक खर्च | २०,७२३,१८२ | १९,४५०,१२० | १८,०४५,७०३ |
| ह्रास खर्च | २०,४८६,५२९ | १९,९५३,९०१ | १९,५३४,९७२ |
| **कर तथा बोनस अधिको नाफा** | **१३,४२४,५२७** | **२३,९५८,४५७** | **२७,०४९,१७४** |
| न्यूनः | | | |
| कर्मचारी बोनस | २६३,२२६ | ४६९,७७४ | ५३०,३७६ |
| **कर अधिको नाफा** | **१३,१६१,३०१** | **२३,४८८,६८३** | **२६,५१८,७९८** |
| चालु आयकर | - | - | - |
| डेफर्ड आयकर | - | - | - |
| **कर पछिको नाफा** | **१३,१६१,३०१** | **२३,४८८,६८३** | **२६,५१८,७९८** |
| **नाफा/(नोक्सान) बाँडफाँड** | | | |
| यस वर्षको नाफा/(नोक्सान) | १३,१६१,३०१ | २३,४८८,६८३ | २६,५१८,७९८ |
| अघिल्लो वर्षसम्मको नाफा/(नोक्सान) | २३,३४३,५६७ | १५,४५२,२३६ | ३८,९४०,९१९ |
| न्यूनः लाभाँश भुक्तानी | २१,०५२,६३२ | - | - |
| **बासलातमा सारिएको** | **१५,४५२,२३६** | **३८,९४०,९१९** | **६५,४५९,७१७** |

## आर्थिक वर्ष २०७८।७९ को संचित मुनाफाबाट भुक्तानी गरिएको लाभाँश विवरण:

| क्र.सं. | विवरण | लाभाँश रकम | कर कट्टि | लाभाँश भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ङादी ग्रुप पावर लि. | १४,७३६,८४२ | ७३६,८४२ | १४,०००,००० |
| २ | दिनेश गुरुङ | १,०५२,६३२ | ५२,६३२ | १,०००,००० |
| ३ | श्रीजेश गुरागाईं | २,१०५,२६३ | १०५,२६३ | २,०००,००० |
| ४ | सौरभ गुरागाईं | १,०५२,६३२ | ५२,६३२ | १,०००,००० |
| ५ | मेघनाथ ढुंगाना | ५२,६३२ | २,६३२ | ५०,००० |
| ६ | भुषण गुरागाईं | ९४७,३६८ | ४७,३६८ | ९००,००० |
| ७ | मोहन विक्रम कार्की | ५२,६३२ | २,६३२ | ५०,००० |
| ८ | ज्ञानेन्द्र कुमार शर्मा | १,०५२,६३२ | ५२,६३२ | १,०००,००० |
| | **जम्मा** | **२१,०५२,६३२** | **१,०५२,६३२** | **२०,०००,०००** |

## नगद प्रबाह विवरण

| विवरण | प्रक्षेपित २०७९/८० | प्रक्षेपित २०८०/८१ | प्रक्षेपित २०८१/८२ |
|---|---|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | | | |
| यस वर्षको नाफा/(नोक्सान) | १३,१६१,३०१ | २३,४८८,६८३ | २६,५१८,७९८ |
| थप: आर्थिक लागत | २०,७२३,१८२ | १९,४५०,१२० | १८,०४५,७०३ |
| थप: ह्रास खर्च | २०,४८६,५२९ | १९,९५३,९०१ | १९,५३४,९७२ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **५४,३७१,०११** | **६२,८९२,७०३** | **६४,०९९,४७२** |
| चालु सम्पत्तिमा (बृद्धि)/कमी | २६,७१४,८५४ | (३६५,९८१) | (३७७,३४९) |
| चालु दायित्वमा बृद्धि/(कमी) | २३७,३१२ | २४४,४३२ | २५१,७६४ |
| **जम्मा कारोबार संचालनबाट नगद प्रवाह (क)** | **८१,३२३,१७७** | **६२,७७१,१५४** | **६३,९७३,८८८** |
| **लगानी कारोबारबाट नगद प्रवाह** | | | |
| लगानीमा (बृद्धि)/कमी | ३०,०००,००० | - | - |
| स्थिर सम्पत्तिमा (बृद्धि)/कमी | (१७,२९५,८५७) | - | - |
| आयोजना कार्य सम्पादनमा (बृद्धि)/कमी | | | |
| **जम्मा लगानी कारोबारबाट नगद प्रवाह (ख)** | **१२,७०४,१४३** | - | - |
| **वित्तीय कारोबारबाट नगद प्रवाह** | | | |
| शेयर निश्कासन | १९२,१५६,८०० | - | - |
| बैंक कर्जामा बृद्धि/(कमी) | (२०४,४९५,०३८) | (१३,६११,३००) | (१५,०१५,७१७) |
| लाभाँश भुक्तानी | (२१,०५२,६३२) | - | - |
| न्यून: आर्थिक लागत | (२०,७२३,१८२) | (१९,४५०,१२०) | (१८,०४५,७०३) |
| **जम्मा वित्तीय कारोबारबाट नगद प्रवाह (ग)** | **(५४,११४,०५१)** | **(३३,०६१,४२०)** | **(३३,०६१,४२०)** |
| **सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **३९,९१३,२६९** | **२९,७०९,७३४** | **३०,९१२,४६८** |
| जोड: नगद तथा बैंकमा रहेको शुरु मैज्दात | १,२४८,४२० | ४१,१६१,६८९ | ७०,८७१,४२३ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **४१,१६१,६८९** | **७०,८७१,४२३** | **१०१,७८३,८९१** |

**प्रक्षेपित वित्तीय विवरण कम्पनीले आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी जी पौड्याल एण्ड एशोसियट्सबाट प्रमाणित गरिएको छ ।**

**कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरुः**

| विवरण | प्रक्षेपित (%) | | |
|---|---|---|---|
| | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| कूल आयमा औषत वृद्धिदर (प्रतिशतमा) | (२.१७) | २.८१ | २.८२ |
| कूल खर्चमा औषत वृद्धिदर (प्रतिशतमा) | ४.१८ | (१२.५२) | (१.३५) |
| संचालन खर्च तथा कूल आम्दानी अनुपात | ०.१३८६ | ०.१४४९ | ०.१५११ |
| खुद मुनाफामा औषत वृद्धिदर (प्रतिशतमा) | (२४.८०) | ७८.४७ | १२.९० |
| आयकर व्यवस्था (प्रतिशतमा) | - | - | - |
| प्रतिशेयर आम्दानी | ३.३६ | ५.९९ | ६.७६ |
| Return on Equity (ROE) | ३.३६% | ५.९९% | ६.७६% |
| Return on Assets (ROA) | २.१३% | ३.७३% | ४.१४% |

**प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ ।**

१. **आम्दानी:** यस कम्पनीको आम्दानी नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्रि सम्झौता पत्रमा भएको प्रति इकाइ (युनिट/किलोवाट/आवर) मूल्य अनुसार गणना गरिएको छः
सुख्खा मौसममा : रु.८.४० प्रति इकाई
वर्खा मौसममा : रु.४.८० प्रति इकाई
**उक्त प्रति इकाई मुल्यमा प्रत्येक वर्ष ३ प्रतिशतका दरले COD मितिले ८ वर्ष सम्म बृद्धि भइ मुल्य कायम गरि विद्युत विक्रि गरिने ।**

२. **रोयल्टी खर्च :** रोयल्टी खर्चको गणना विद्युत ऐन, २०४९ बमोजिम तल उल्लेख भए अनुसार रहेको प्रक्षेपण गरिएको छ : क्षमता बमोजिम रोयल्टी : रु १००/किलोवाट पहिलो १५ वर्षसम्म रु १०००/किलोवाट १५ वर्षपछि आम्दानी बमोजिम रोयल्टी : बिलको राजश्वको २ प्रतिशत पहिलो १५ वर्षसम्म बिलको राजश्वको १० प्रतिशत १५ वर्षपछि रोयल्टीको खर्चहरुलाई NFRS बमोजिम बिक्रीको लागतमा समूहवद्ध गरिएको छ ।

३. **वित्तीय खर्चहरु :** कम्पनीले भुक्तानी गर्ने ब्याजहरु तिर्न बाँकी ऋण रकमको वार्षिक ९.८६ प्रतिशतको दरले गणना गरिएको छ ।

४. **कर्मचारीहरुको बोनस:** बोनस ऐन २०३० तथा विद्युत ऐन २०४९ अनुसार कम्पनीको नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ । अन्य प्रशासनिक तथा संचालन खर्च वार्षिक ३ प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

५. आसामी रकमको गणना गर्दा अन्तिम दुई महिनाको अवधिलाई आधार मानिएको छ ।

६. **ह्रास कट्टी:** परियोजनामा प्रयोग भएका सम्पत्ती बाहेक अन्य स्थिर सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी घट्दो ह्रास प्रणाली (Diminishing Balance Method) अनुसार कट्टा गरिएको छ ।

७. **परियोजनामा प्रयोग भएका सम्पत्तिहरुको परिशोधन :** परियोजनामा प्रयोग भएका संरचना, उपकरण तथा अन्य सम्पत्तिहरुलाई IFRIC 12 अन्तर्गत समदर प्रणाली (Straight line method) अनुसार आयोजनाको बांकि अवधिका लागि परिशोधन गरिएको छ ।

८. **स्थिर सम्पत्ति** कुनै पनि स्थिर सम्पत्ति थप हुने छैन र कुनै पनि फरक भएमा त्यो स्थिर सम्पत्तिको मर्मत अन्तर्गत पर्ने प्रक्षेपण गरिएको छ ।

९. **आयकर दर :** यस कम्पनीका लागि आयकर ऐन, २०५८ दफा ११ (३घ) बमोजिम COD पश्चात् पहिलो १० वर्षको लागि आयकर छुट, सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत करको दर लागु हुनेछ । उपरोक्त आधारहरु नेपाल सरकारको सम्बधित निकायहरुले तोके बमोजिम निर्धारण गरिएका हुन् ।

**१०. व्यापारीक उत्पादन सुरु हुने मिति : २०७७ असार ३१ गते (तदनुसार १५ जुलाई २०२०) व्यवसायीक उत्पादन सुरु गरिसकेको ।**

### ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण

**क) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भै नसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ ।**

**कम्पनीको वास्तविक तथा प्रक्षेपित इपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम छ :**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.व २०७६/०७७ | आ.व २०७७/०७८ | आ.व २०७८/०७९ | आ.व २०७९/०८० | आ.व २०८०/०८१ | आ.व २०८१/०८२ |
| चुक्ता पूँजी | ७५,०००,००० | ११४,०००,००० | २००,०००,००० | ३९२,१५६,८०० | ३९२,१५६,८०० | ३९२,१५६,८०० |
| शेयरको लागि पेश्की | ६१,४३५,४८९ | २६,०००,००० | - | - | - | - |
| जगेडा तथा कोषहरु | - | ५,८४०,८२४ | २३,३४३,५६७ | १५,४५२,२३६ | ३८,९४०,९१९ | ६५,४५९,७१७ |
| कुल | १३६,४३५,४८९ | १४५,८४०,८२४ | २२३,३४३,५६७ | ४०७,६०९,०३६ | ४३१,०९७,७१९ | ४५७,६१६,५१७ |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | - |
| कुल नेटवर्थ | १३६,४३५,४८९ | १४५,८४०,८२४ | २२३,३४३,५६७ | ४०७,६०९,०३६ | ४३१,०९७,७१९ | ४५७,६१६,५१७ |
| शेयर संख्या | ७५०,००० | १,१४०,००० | २,०००,००० | ३,९२१,५६८ | ३,९२१,५६८ | ३,९२१,५६८ |
| प्रति शेयर नेटवर्थ (रु.) | १८१.९१ | १२७.९३ | १११.६७ | १०३.९४ | १०९.९३ | ११६.६९ |
| प्रति शेयर चुक्ता पूँजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | ०.००% | ४.००% | ७.८४% | ३.२३% | ५.४५% | ५.७९% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | १५.३७% |

**ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : ५.२८ प्रतिशत**

प्रक्षेपित वित्तीय विवरण निष्काशन कर्ता कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी जी पौड्याल एण्ड एशोसियट्सका, चार्टड एकाउन्टेन्टबाट प्रमाणित गरिएको छ ।

### ग.१०.धितोपत्र निष्काशन सम्बन्धी विवरण :

### ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :

१) कम्पनीको प्रवन्ध-पत्रमा जारी पूँजीको ४९ प्रतिशत शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान रहेको र बिद्युत उत्पादन अनुमतिपत्रमा बढीमा १० प्रतिशत शेयर आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई बिक्री गर्नुपर्ने प्रावधान रहेकोले ति प्रावधान अनुरुप कम्पनीको जारी पूंजीको १० प्रतिशतले हुने रु.३,९२,१५,७००/- शेयर पूँजी अयोजना प्रभावित क्षेत्रका वासिन्दा र ३९ प्रतिशतले हुने रु.१५,२९,४१,१००/- शेयर पूंजी सर्वसाधारणहरु (कर्मचारी र सामूहिक लगानी कोष समेत) लाइ बिक्री वितरण गरी कम्पनीको चुक्ता पूँजी रु.३९,२१,५६,८००/- पुऱ्याउने ।

२) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्ने ।

३) कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजीको प्रवन्ध गर्ने ।

४) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिने ।

५) बैंकबाट लिईएको कर्जा भुक्तानी गर्ने ।

### ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

(क) साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम यस कम्पनीले गर्न पाउने कार्यको अधिनमा रही कम्पनीले बैंकबाट उपभोग गरिएको आयोजना ऋण भुक्तानी गर्नमा गरिने छ ।

| सि.नं. | विवरण | २०७९ पौष मसान्तको बाँकी ऋण साँवा रु. | भुक्तानी गरिने रकम रु. | भुक्तानी पश्चात बाँकी हुने ऋण रकम रु. |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बाणिज्य बैंकको ऋण भुक्तानी गर्न | ४०,१७,९५,१५९/- | १९,२१,५६,८००/- | २०,९६,३८,३५९/- |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था:**

विगतमा सोही प्रकारका अन्य कम्पनीहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा विक्रीहुने कम्पनीको अपेक्षा रहेको छ। निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ। सर्वसाधारणहरुको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा श्री नागरिक लगानी कोषले बिक्री नभएको सम्पूर्ण शेयर आफैले खरीद गर्ने गरी प्रत्याभूति सम्झौता गरिएको छ।

**(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण:**

यस कम्पनीद्धारा निर्माण गरिएको सुपर माई क्यास्केट जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई मिति २०७७/०३/३१ देखि व्यवसायीक उत्पादन सुरु गरिसकेको छ।

यस कम्पनीले निर्माण गरेको सुपर माई क्यास्केट जलविद्युत आयोजनाको लागि आवश्यक वित्तीय श्रोत कम्पनीको संस्थापकले चुक्ता गरेको पूँजी तथा बैंकहरुवाट लिएको ऋण रकम रहेको छ। बैंकवाट लिएको ऋण रकम र सोको भुक्तानी सम्बन्धी अवस्था तपसिल बमोजिम रहेको छ।

| सि.नं. | बैंक तथा वित्तीय संस्थाको नाम | स्वीकृत कर्जा रकम रु. | कर्जाको भुक्तानी अवधि | किस्ता रकम रु. | शुरु तथा हालको ब्याजदर (% मा) | हाल (०७९ पौष) सम्म भुक्तानी गरिएको कर्जा रकम | बाँकी कर्जा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय बाणिज्य बैंक लि. | ४१,७५,००,००० | १२ वर्ष | २.८६ लाख देखी ५०.१५ लाख सम्म | BR + 2% | १,५७,०४,८४१ | ४०,१७,९५,१५९ |

नोट : बैंकको हालको Base Rate 7.86 % रहेको छ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति : हाल आयोजना निर्माण सम्पन्न भैसकेको। आयोजना सम्पन्न भएको मिति:** २०७७/०३/१४ परिक्षण उत्पादन शुरु भएको मिति २०७७/०३/१५, पूर्ण व्यवसायिक उत्पादन शुरु भएको मिति २०७७/०३/३१

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भएउक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सोको मूख्य मूख्य बुँदाहरु:** सो नभएको।

**(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण:** सो नभएको।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन मिति, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण:** कम्पनीको उत्पादन जलविद्युत हो। सोको प्रयोगकर्ता देशका बासिन्दाहरु रहेका छन्। साना जलविद्युतको क्षेत्रमा धैरै कम मात्रामा मात्र प्रतिस्पर्धा रहेको छ र यस जलविद्युत आयोजनाको उत्पादन क्षमता ३ मेगावाट रहेको छ।

**(ज)आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत:** प्रदेश नं. १, ईलाम जिल्लाको माई खोलाको पानी र सो स्रोत उपयोगका लागि विद्युत विकास विभागबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत:** आवश्यक नभएको

**(ञ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धी विवरण :**

**(अ) निष्काशन तथा बिक्री प्रवन्धक :**

यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रवन्धक सम्बन्धी कार्यका लागि नियुक्त श्री प्रभु क्यापिटल लिमिटेडल, कमलादी, काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एक मुष्ठ रु.१,००,०००/-(एक लाख रुपैया) भुक्तानी दिइनेछ।

**(आ) ट्रष्टि (डिवेन्चर निष्काशनको हकमा):** सो नभएको।

**(इ) प्रत्याभूतिकर्ता :**

प्रत्याभूतीकर्ता श्री नागरिक लगानी कोषलाई प्रत्याभुति सेवा प्रदान गरे वापत रु.२,८८,२३६/( सेवा शुल्क रुपमा दिइने छ।

**(ई) विज्ञहरु :** सो नभएको ।

**(उ) लेखापरिक्षक :**

यस कम्पनीको आ.व.२०७८/०७९ को लेखा परिक्षण सम्बन्धी कार्य जी पौड्याल एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेण्ट श्री अनोज न्यौपानेले गर्नु भएको हो । उक्त लेखा परिक्षणको कार्य गर्नका लागि सेवा शुल्क बापत भ्याट सहित रु. ११३,०००/- (अक्षरेपी एक लाख तेह्र हजार मात्र) प्रदान गरेको छ ।

**(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि):**

आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा निष्काशन तथा बिक्री प्रवन्धकले तोकेका अन्य स्थानहरु संकलन केन्द्रको रुपमा रहने छन् ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा:** प्रिमियम थप नगरिएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**(क) अत्याधिक माग वा न्यूनमाग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :** यस विवरण पत्रमार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

क. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

ख. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

ग. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।

घ. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

ङ. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

च. शेयर बाँडफाँडको जानकारी बाँडफाँट गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

छ. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ ।

ज. स्थानीय बासिन्दाका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकि रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर थप गरी निष्काशन गरिनेछ । साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतीकर्ता वीच भएको प्रत्याभुती सम्वन्धि सम्झौता बमोजिम प्रत्याभुतीकर्ताले खरिद गर्नेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरि धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय सस्थाहरुलाई उपलब्ध गराइने छ र सोही विवरण अनुरुप सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय सस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरि फिर्ता गरिदिनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकमफिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकमफिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिन सम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुनआउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको सन्दर्भमा यो व्यवस्थालागु नहुने । स्थानीय बासिन्दा ले C-ASBA प्रणाली भन्दा बाहेक भौतिक रुपमा शेयर आवेदन गरेको खण्डमा, निवेदन साथप्राप्त रकम बाँडफाँड पछि "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो

दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुनआउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

**(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि:**

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई निजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भए पश्चात सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(ङ) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण:** हाल सम्म सूचीकरण भई नसकेको ।

**(च) धितोपत्र सूचीकरण भइ नसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :** हालसम्म सूचिकरण भई नसकेको हुँदा यस शेयरको बाँडफाँड पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको नियमानुसार शेयरको सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण:**

(क) धितोपत्र प्रत्या भूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्काशन गर्न लागिएको १९,२१,५६८ कित्ता साधारण शेयरवापतको रु. १९,२१,५६,८००/- को शत प्रतिशत अर्थात रु.१९,२१,५६,८००/- रकम बरावरको लागि श्री नागरिक लगानी कोषले प्रत्याभूति प्रदान गरेको छ ।

(ख) धितोपत्र प्रत्याभूति कर्तासँग गरिएको सम्झौताको मुख्य बूँदाहरु

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेका छन्

अ) प्रत्याभूतिकर्ताले १९,२१,५६८ कित्ता साधारण शेयरको रु.१९,२१,५६,८००/- को शत प्रतिशत अर्थात रु.१९,२१,५६,८००/- रकम बरावरको लागि प्रत्याभूति प्रदान गरेकोछ ।

आ) प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवाप्रदान गरे वापत कम्पनीले रु.२८८,२२६/- (अक्षरेपी दुई लाख अठासी हजार दुइ सय छविस मात्र) प्रत्याभूती कमिशनको रुपमादिइने छ ।

इ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूति कित्ता शेयरहरुमा मात्र सीमित हुनेछ ।

ई) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतित कित्ता शेयरहरुमा सीमित हुने गरी खरीद गर्ने सहमती जनाएको छ ।

उ) यस सम्झौता पत्रको अवधि २०७९/१०/०५ सम्म कायम रहने छ ।

ऊ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौतापत्र स्वतः खारेज हुनेछ ।

ए) यस सम्झौताको ब्याख्यामा कुनै विवाद वा बिभेद उत्पन्न भएमा आपसी सहमतिवाट समाधान गरिनेछ । सो बाट विवाद निरोपण नभएमा मध्य स्थकर्ता नियुक्ति गरि विवाद निरोपण गरिनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरुः**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण कम्पनीले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा कम्पनीको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ ।

**(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २९, अनामनगर, वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तवालाले १० (दश) कित्ताभन्दा बढी साधारण

शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० (दश) अङ्कको गुणाङ्कमा अधिकतम ५०,००० (पचास हजार मात्र) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्तदिन सक्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण सेयर स्थानियबासीहरुको हकमा शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्त साथ आफूले खरीद गर्न चाहेको धितोपत्र संख्याको प्रति धितोपत्र रु.१००/- (एक सय) का दरले हुनआउने एक मुष्ठ रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सोको सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्म दर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचयपत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरुः** यस कम्पनीको प्रवन्धपत्रमा व्यबस्था भए शेयरधनीहरुलाइ अनुसार संस्थापक शेयरधनी र सर्वसाधारण शेयरधनीमा विभाजन गरिएको छ । सर्वसाधारण शेयरधनीहरु लाइ आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कर्मचारी र सर्वसाधारणमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ५१% शेयर संस्थापक शेयरधनी तथा ४९% सर्वसाधारणहरुको शेयर रहनेछ । सर्बसाधारणको शेयरमध्ये १०५ प्रतिशत आयोजना प्रभावित क्षेत्र ईलाम जिल्लाका लागि छुट्याइने छ । बांकि ३९% सर्वसाधारणहरु (कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत) लाइ निष्कासन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था गरिएको छ । आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कामदार कर्मचारीले सोही आधारमा शेयर खरिदको लागि आबेदन दिन सक्ने भएको हुँदा कर्मचारीको हैसियतले पुनःशेयर खरिदको लागि आबेदन दिन सक्ने छैनन् । आयोजना प्रभावित क्षेत्रका कर्मचारीले कर्मचारीको हैसियतले आवेदन दिएमा त्यस्तो आवेदन स्वतःरद्द हुनेछ ।

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा :**

आयोजना प्रभावित क्षेत्रईलाम  जिल्लाका स्थानीय बासिन्दाहरुले यस विवरण(पत्रमार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १८ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ वर्ष देखि स्थायी रुपमा बसोबास गरेको व्यहोरा सम्बन्धीत गा.वि.स/गाउँपालिका/नगरपालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

३. १८ वर्ष भन्दाकम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदनदिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

५. आयोजना प्रभावित क्षेत्रमा बसाई सराई गरी आएको हकमा विवरण पत्र स्वीकृत भएको मिति सम्म बसाई सराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धि पालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला समन्वय समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नु पर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपम खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको कम आवेदनलाई/आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदकालागि दरखास्त वुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१३. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा कर्मचारी तथा सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरिने साधारण शेयरको लागि पुनःआवेदन दिन पाउने छैनन् ।

१४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खातानम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खातानम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१५. रु. ५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१६. यस विवरण(पत्र मार्फत निष्कासन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account र BOID No.) भएका आवेदकहरुलाई नीजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने व्यबस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account र BOID No.)आवेदन फाराममा उल्लेख गर्न सक्ने छन् । साथै डिम्याट खाता (DMAT Account र BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन् । साथै स्थानीय बासिन्दा C-ASBA सदस्य भएको खण्डमा स्थानीय बासिन्दाले C-ASBA प्रणाली मार्फत समेत आवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

१७. रु.५,००,०००/- सम्मको लागि आवेदनदिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफू रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

७. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

८. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

९. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

१०. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको

हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

११. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

१२. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ ।

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा ।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही (डिम्याट खाता नम्बर

१३. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

१४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१५. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१६. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१७. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१८. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१९. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

२०. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम ५०,००० कित्ता सम्मका लागि आवेदन दिन सक्नेछन् ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा :**

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्म बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

१. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवाकार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यानदिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछः
   क) धितोपत्र निष्काशन कर्ता कम्पनीको नाम ।
   ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।
   ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)
   ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)
   च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   छ) आवेदकको हितग्राही (डिम्याट) खातानम्बर

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।

१०. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिनपाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशनअनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको “मेरो सेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राहीखातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ ।

१४. रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोको जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ ।

१५. शेयर बाँडफाँड गरि सूचीकरण पश्चात बाँडफाँडमा परका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१६. रु. ५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदनदिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।
   यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ५०,००० (पचास हजार) कित्ता शेयरको लागि आवेदन दिन सकिनेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

कम्पनी र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरण:

**क. संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्तिः** सो नभएको।

**ख. आधारभूत शेयरधनीः** सो नभएको ।

**ग. खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्यः** सो नभएको ।

**घ. संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशतवा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनीवा संगठित संस्थाः** सो नभएको ।

**ङ. संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय**

**संस्थाको सञ्चालकवा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा**: कुनै कारोवार वा सम्झौता नभएको ।

च. **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बा पतलिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि विवरण :** ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यबस्थापन नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :** निष्कासन कर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको

क. संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या : नभएको ।

ख. बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुलदिन र कुल कारोबार भएको धितोपत्रको संख्या : नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण:**

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु त्था खुदमुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नुको कारण**: हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण:**

**क. लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

**(अ) लेखा परीक्षक:** यस कम्पनीको लेखापरिक्षण सम्बन्धि कार्य जी पौड्याल एण्ड एशोसियट्सका चार्टर्ड एकाउन्टेण्ट श्री अनोज न्यौपानेले गर्नु भएको हो ।

**(आ) निष्काशन बैंक (Bankers to the Issue):** यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) निम्न अनुसार रहेको छ ।

| सि.नं | बैकको नाम तथा शाखाको ठेगाना | खाताको नाम | खाता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | प्रभु बैंक लिमिटेड, कमलादी शाखा | प्रभु क्यापिटल लिमिटेड | १११००६३१८१६००११३ | |

**(इ) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ:** यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान कम्पनी स्वयमले गरेको हो ।

**(ई) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ:**

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा जी पौड्याल एण्ड एशोसियट्सका चार्टर्ड एकाउन्टेण्ट श्री अनोज कुमार न्यौपानेज्यू रहनु भएको छ ।

**ख. माथि खण्ड क. मा उल्लेखित संस्था वा व्यक्ति सँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु :**

**(अ) लेखापरीक्षक:** सो नभएको ।

**(आ) निष्काशन बैंक (Bankers to the Issue):** सी-आस्बा प्रणाली लागू भएकोले धितोपत्र बाँडफाँड पश्चात बाँडफाँडमा परेको धितोपत्र बापतको रकम सम्बन्धित आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले निष्काशन तथा बिक्री प्रबन्धक बाट जानकारी प्राप्त गरेको मितिले ३ दिन भित्र उक्त रकम निष्काशन बिक्री प्रबन्धकको खातामा हस्तान्तरण गरिदिनु पर्नेछ । साथै धितोपत्र बाँडफाँडमा नपरेका आवेदकहरुको हकमा समेत निष्काशन तथा बिक्री प्रबन्धकबाट जानकारी प्राप्त भएको ३ कार्य दिनभित्र सम्बन्धित आवेदकहरुको खाता फुकुवा गरिदिनु पर्नेछ ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:** यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजनाका कामहरु सम्पन्न गरिएको छ ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण:**

क. **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा:** सो नभएको ।

ख. **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वालाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** : सो नभएको ।

ग. **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण:** सो नभएको ।

घ. **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण:** सो नभएको ।

**ग.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:**

निष्काशन गर्न लागिएको धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सोको समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा त्यहाँ सम्पर्क गर्न सकिनेछ । कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धी बिषयमा कुनै गुनासो वा सुझावका लागि सम्पर्क अधिकारी श्री रामहरी खत्रीलाई निजकै कार्यालयमा वा निजलाई कार्यालय समय भित्र ०१-५९७०२०० मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९.नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण:** सो नभएको ।

**ग.२०.ऋणपत्र निष्काशन सम्बन्धी विवरण:** हाल सम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र यो साधारण शेयर निष्काशन सर्वसाधारणका लागि मात्र हो ।

**ग.२१.अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था:** अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२.अन्य सामान्य जानकारी :**

क. विशेषज्ञको कुनै राय भएमा, सो को विवरण : यस विवरण पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमानहरु तथा आधारहरु, गत आ.व.हरुको लेखा परिक्षण भइसकेका वित्तीय विवरणहरु, विद्युत खरिद बिक्री सम्झौता, आयोजना समाप्तिको अवधि तथा सोको लागत, आयोजनाका लागि ऋण लिने सम्बन्धमा भएको सम्झौता एवं हालको जलविद्युत बजारको स्थिति, कम्पनीको हालको दक्षता र कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्ट संस्थाजी पौड्याल एण्ड एशोसियट्सका चार्टर्ड एकाउटेण्ट श्री अनोज कुमार न्यौपानेले प्रमाणित गर्नु भएको छ ।

**ख. गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखा परीक्षक परिवर्तन भएको भए, सोको कारण :**

गत तीन आर्थिक वर्षमा सञ्चालक समितिमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | संचालकको नाम | पद | संचालकमा बहाल रहेको अवधि | | परिवर्तनको कारण |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | श्री मोहन विक्रम कार्की | अध्यक्ष | २०७३/०६/१९ | २०७८/०५/२३ | व्यवस्थापन परिवर्तन |
| २ | श्री दल बहादुर रुम्बा | संचालक | २०७७/११/१८ | २०७८/०५/२३ | व्यवस्थापन परिवर्तन |
| ३ | श्री डिल्ली प्रसाद पराजुली | संचालक | २०७७/११/१८ | २०७८/०५/२३ | व्यवस्थापन परिवर्तन |
| ४ | श्री शैलेन्द्र गुरागाई | अध्यक्ष | २०७८/०५/२३ | २०८२/०५/२२ | |
| ५ | श्री डा. भुषण गुरागाई | संचालक | २०७८/०५/२३ | २०८२/०५/२२ | |
| ६ | श्री डा. भोगेन्द्र कुमार गुरागाई | संचालक | २०७८/०५/२३ | २०७८/११/१६ | कार्य व्यस्थाका कारण |
| ७ | श्री रविन सुवेदी | संचालक | २०७८/०५/२३ | २०७८/११/१६ | कार्य व्यस्थाका कारण |
| ८ | श्री श्रीजेश गुरागाइ | संचालक | २०७८/०५/२३ | २०७८/११/१६ | कार्य व्यस्थाका कारण |
| ९ | श्री दिनेश गुरुङ | संचालक | २०७८/११/१६ | २०८२/११/१५ | |

नोट: मिति २०७८/०३/२० गते कम्पनी पब्लिक लिमिटेडमा परिणत भएको र मिति २०७८/०५/२३ देखि नयाँ व्यवस्थापनमा कम्पनी संचालन भएको ।

**गत तीन आर्थिक वर्षमा लेखा परीक्षकमा भएको परिवर्तन र सोका कारणहरु :**

आ.व. २०७६/७७ तथा २०७७/७८ का लागि लेखापरीक्षक:

नाम : इ. आर. सिगदेल एण्ड एसोसियट्स

ठेगाना : भक्तपुर ।

योग्यता : चार्टर्ड एकाउन्टेन्टस्

आ.व. २०७८/७९ का लागि लेखापरीक्षक :

नाम : जी पौड्याल एण्ड एसोसियट्स

ठेगाना : काठमाडौं ।

योग्यता : चार्टर्ड एकाउन्टेन्टस्

व्यवस्थापन परिवर्तनका कारण लेखा परीक्षक परिवर्तन गरिएको ।

**ग.कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : टंक प्रसाद रेग्मी

ठेगाना : अनामनगर २९, काठमाण्डौ

योग्यता: बिए./एल. एल. बि.

**घ. सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण:**

कम्पनीले स्वीकृत प्रवन्धपत्रको दफा ५ बमोजिम कम्पनीको जारी पूँजीको ४९ प्रतिशत शेयर अर्थात रु. १९,२१,५६,८००/- (अक्षरेपी उन्नाइस करोड एकाइस लाख छपन्न हजार आठ सय मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १९,२१,५६८ कित्ता, उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र सर्वसाधारणको लागि छुट्टयाएको छ जसमध्ये जारी पूँजीको १० प्रतिशत अर्थात रु. ३,९२,१५,७००/-(अक्षरेपी तिन करोड बयानब्बे लाख पन्ध्र हजार सात सय मात्र) रकम बराबरको रु.१००/- अंकित दरका ३,९२,१५७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र जारी पूँजीको ३९ प्रतशित शेयर अर्थात रु. १४,२२,३५,३००/- (अक्षरेपी चौध करोड बाइस लाख पैतिस हजार तिन सय मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १४,२२,३५३ कित्ता शेयर, सर्वसाधारण (कर्मचारी तथा सामुहिक लगानी कोष समेत) को लागि बिक्री गर्न छुट्टयाइएको छ । उक्त शेयर निष्काशन, प्रयोजानार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदनपेश गर्ने

लगायत यो सँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृयाको लागि मिति २०७९/०४/२५ गते बसेको कम्पनीको दोश्रो साधारण सभाले सर्वसाधारणमा प्रारम्भिक शेयर निष्काशन गर्ने निर्णय भएको । उक्त शेयरहरु निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा प्रभु क्यापिटल लिमिटेडलाइ नियुक्त गरिएको छ । त्यस्तै बिद्युत उत्पादन अनुमतिपत्र र कम्पनीको प्रवन्धपत्रमा भएको ब्यबस्था बमोजिम यस कम्पनीले सार्वजनिक निष्काशन गर्न लागेको १९,२१,५६८ कित्ता शेयरमध्ये स्थानीय बासिन्दा अर्थात आयोजना प्रभावित क्षेत्रका लागि १९,२१,५६८ कित्ता शेयर छुट्याउने र कम्पनीको ३९,४१,५६,८०० कित्ता शेयर नेपाल धितोपत्र बोर्डमा दर्ता गर्ने भनी मिति २०७९/०४/२५ मा बसेको कम्पनीका दोश्रो वार्षिक साधारण सभाको बैठकले निर्णय गरेको छ ।

**ङ. संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण:** यो आयोजनाबाट प्राप्त हुने आयमा कम्पनीलाई पहिलो १० वर्ष सम्म शत प्रतिशत आयकर छुट तथा सो पश्चात ५ वर्षको लागि पचास प्रतिशत आयकर छुट आयकर ऐन, २०५८ बाट प्रदान गरिएको छ ।

**च. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण भएको वासलात, नाफा( नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ ।

(क) कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौ महानगरपालिका-२९, अनामनगर काठमाडौं ।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक(प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं।

**छ. बोनस शेयर सम्बन्धी व्यवस्था:**

हाल सम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सकिनेछ ।

**ज. शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र द्वारा कम्पनीले निष्काशन गरिएको आफ्नो जारी पूँजी रु.३९,२१,५६,८०० /- (उन्नचालिस करोड एकाइस लाख छपन्न हजार आठ सय मात्र) को ४९% अर्थात् १९,२१,५६८ कित्ता साधारण शेयर सर्वसाधारणको निष्काशन गरेकोमा सोमध्ये जारी पूँजीको १०% अर्थात रु.३,९२,१५,७००/- (तिन करोड बयानब्बे लाख पन्ध्र हजार सात सय मात्र) रकम बराबरको रु. १०० अंकित दरका ३,९२,१५७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र ईलाम जिल्ला) का बासिन्दाहरुको निमित्त बिक्री वितरण गरिने छ । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात सर्वसाधारणलाई जारी पूँजीको ३९% अर्थात रु. १४,२२,३५,३००/- (चौध करोड बाइस लाख पैतिस हजार तिन सय मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १४,२२,३५३ कित्ता शेयर मध्ये ३०,५८८ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको २ प्रतिशत) कर्मचारीहरुलाई र ७६,४७० कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित राखिएको छ । कर्मचारीहरुको लागि यसरी छुट्याइको शेयर कर्मचारीहरुबाट माग भई आएको हकमा संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्ने छ र कर्मचारीबाट सम्पुर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

**झ. कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबार सँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण:**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यावसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । साथै यस संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७७/०७८ सम्मका विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यो कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ । सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१०/०९ को पत्रबाट प्राप्त भएको छ ।

**ञ. धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तीय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ ।

**ट. विवरणपत्र तयार गर्ने व्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण:**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं रहेको छ ।

**ठ. सकारात्मक पक्षहरु:**

१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष शत प्रतिशत र त्यस पछिको ५ बर्ष ५० प्रतिशत आयकर छुट प्राप्त हुने हुँदा लाभांशको दर सामान्यतया बढी हुन सक्ने अवस्था रहेको छ । यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेशिन, औजार तथा उपकरणहरुको जोखीमलाई न्यूनीकरण गर्न बिभिन्न प्रकारका चारवटा बीमा गरिएको छ ।

२) कम्पनी सँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**ड. शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था:**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त मर्चेण्ट बैंकहरु मध्ये कुनै एकलाई छनौट गरी शेयर रजिष्ट्रारमा नियुक्ति गरिने छ

**ढ. धितोपत्र बिक्री खुल्ला रहने अवधि:**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिनहुनेछ । सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन हुनेछ । उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि र नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी सर्वसाधारणको लागि कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोश्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्रीबन्द गर्न सकिनेछ तर ४(चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**ण. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूवर रेटिङ्ग गराई "(ICRANP-IR)BB+ [Double B Plus)] रेटिङ्ग प्राप्त गरेको छ । ICRA -NP BB+ ले "Considered to have moderate risk of default regarding timely servicing of financial obligations" रहेको जनाउँदछ । जसले कम्पनीको समयमै वित्तिय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउंछ । ईक्रा नेपाल लिमिटेडले ICRANP-IR ] AAA देखि [ICRANP-IR ] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ ICRANP-IR ]AAA ले बलियो आधार जनाउँछ [ICRANP - IR ] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ ICRA-NP BBB(Is)को स्थिति ICRA-NP BB(Is)को भन्दा एक चिन्ह तल रहन्छ । उक्त रेटिङ्गको ग्रेडिङ बहाल रहने अवधि २०८०/०४/३० गतेसम्म रहेको छ ।

**त. धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**

**(१) कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरिसकेको:** नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०७३/०४/१७ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा माई खोला हाइड्रोपावर लिमिटेडको नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले मिति २०७८/०३/२० मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भई माई खोला हाइड्रोपावर लिमिटेडको नाममा २०७८/०५/२० देखि कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

**(२) नियमानुसार लेखापरीक्षक तथा साधारण सभा सम्पन्न गरेको:** यस कम्पनीको आर्थिक वर्ष २०७८।०७९ को वार्षिक साधारण सभा मिति २०७९।०४।२५ मा सम्पन्न गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०७/१६ मा कम्पनी अध्यावधिक सम्पन्न गरिएको साथै सोही साधारण सभाबाट आर्थिक वर्ष २०७९।०८० का लागि श्री जी. पौड्याल एण्ड एसोसियटस् चार्टर्ड एकाउण्टेण्टस्लाई लेखा परिक्षकमा नियुक्त गरिएको ।

**(३) प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकाय बाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको:** विवरण देहाय बमोजिम रहेको

| **क्र.सं.** | **सम्झौताको नाम** | **सम्झौताको मिति** | **सम्झौताको गर्ने संस्था** | **सम्झौताको विषयबस्तु** | **सम्झौता बहाल रहने अवधि** |
|---|---|---|---|---|---|
| १ | विद्युत खरिद बिक्रि सम्झौता | २०७५/११/०५ | नेपाल विद्युत प्राधिकरण | जलविद्युत खरिद र बिक्रि गर्ने सहमति | २११०/११/०४ |
| २ | आयोजना ऋण सम्झौता | २०७७/०८/२२ | राष्ट्रिय बाणिज्य बैंक | आयोजना निर्माणको लागि पूँजी व्यवस्थापन | ऋण बाँकि रहेसम्म |
| ३ | आईपिओका लागि शेयर प्रत्याभूति कर्ता नियुक्ती सम्बन्धि सम्झौता | २०७९/०४/०२ | नागरिक लगानी कोष | शेयर प्रत्याभूती गर्ने | सम्झौता बमोजिमको कार्य सम्पन्न नभए सम्म |
| ४ | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सम्झौता | २०७९/०२/१९ | प्रभु क्यापिटल लि. | शेयर निष्काशन तथा बिक्री प्रबन्धक | सम्झौता बमोजिमको कार्य सम्पन्न नभए सम्म |
| **क्र.सं.** | **इजाजतको नाम** | **इजाजत प्राप्त मिति** | **इजाजत दिने संस्था** | **इजाजतको विषयवस्तु** | **इजाजत वहाल रहने अवधि** |
| १ | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) | २०७५/०८/१३ | विद्युत विकास विभाग वातावरण शाखा | वातावरणीय मूल्याङ्कन | |
| २ | विद्युत उत्पादनको अनुमती पत्र | २०७५/११/२२ | विद्युत विकास विभाग | विद्युत उत्पादन गर्ने | |
| ३ | उद्योग दर्ता | २०७५।०८।०४ | उद्योग विभाग | जल विद्युत उत्पादन गर्ने | |
| ४ | कम्पनी दर्ता | २०७८/०३/२० | कम्पनी रजिष्ट्रार कार्यालय | कम्पनी सञ्चालन गर्ने | |
| **क्र.सं.** | **प्रबन्धपत्र नियमावली संसोधित** | **संचालक समिति निर्णय मिति** | **साधारण सभाबाट अनुमोदन भएको मिति** | **संसोधित दफा र विषयवस्तु** | **कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएको मिति** |
| १ | साधारणसभाको निर्णय | | २०७८/०४/२५ | नियमावलीको नियम, २८ (९) , कम्पनी अद्यावधिक | २०७९/०७/१६ |

**(४) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदाम घर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको:** कम्पनीले आयोजना निर्माणका लागि आवश्यक निजी जग्गा खरीद लगायत निर्माण कार्य सम्पन्न भइ आयोजना संचालनमा रहेको ।

**(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको:** सम्पूर्ण खरिद कार्य सम्पन्न भइसकेको ।

**(६) धितोपत्रको आयोजना प्रभावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा बिक्री प्रवन्धकसंगको सम्झौता:** धितोपत्रको आयोजना प्रभावित स्थानिय वासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धी कार्य गर्न शेयर निष्काशन तथा विक्री प्रवन्धकको रुपमा श्री प्रभु क्यापिटल लिमिटेडसँग मिति २०७९/०४/०८ गते द्विपक्षिय सम्झौता सम्पन्न भएको हो ।

**(७) आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको:** आयोजनाको निर्माण सम्पन्न भइसकेको ।

**(८) संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको:** संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु.२०,००,००,०००/- (बिस करोड मात्र) शत प्रतिशत चुक्ता भैसकेको ।

**(९) आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको:** आयोजना सम्पन्न भइ ऋणको सावां तिर्न शुरु भइसकेको

**(१०) जलविद्युत उत्पादन संस्थाभएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको:** विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भइ आयोजना निर्माण सम्पन्न भइ, व्यापारिक उत्पादन प्रारम्भ भइसकेको ।

**(११) सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको:** यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम नागरिक लगानी कोष सँग सम्झौता गरी प्रत्याभूति गराएको ।

**ग.२३.सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत:**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीका सञ्चालकहरुको नाम तथा दस्तखत:

| क्र.सं. | संचालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शैलेन्द्र गुरागाइ | अध्यक्ष | |
| २ | श्री डा. भुषण गुरागाई | संचालक | |
| ३ | श्री दिनेश गुरुङ | संचालक | |
| ४ | श्रीजेश गुरागाईं | संचालक | |

## ग.२४.निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

Prabhu Capital Ltd.
प्रभु क्यापिटल लिमिटेड
(A Subsidiary of Prabhu Bank Limited)

**Ref no.: PRVUCAPITAL/BD/079-080/486**

मिति : २०७९/०८/२१

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

काठमाडौं जिल्ला, वडा नं.२९, अनामनगर ठेगाना भएको माईखोला हाईड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.३९,२१,५६,८००/- (उनन्चालिस करोड एक्काइस लाख छपन्न हजार आठ सय) को १० प्रतिशत रु.३,९२,१५,७००/-(तिन करोड बयानब्बे लाख प्रन्ध हजार सात सय) रकम बराबरको रु.१००/- अंकित दरको ३,९२,१५७ कित्ता साधारण शेयर (आयोजना प्रभावित क्षेत्र) का बासिन्दाहरुको निमित्त र बाँकी जारी पूँजीको ३९ प्रतिशत अर्थात रु.१५,२९,४१,१००/- (पन्ध्र करोड उन्नतीस लाख एकचालीस हजार एक सय) रकम बराबरको रु.१००/- अंकित दरका १५,२९,४११ कित्ता शेयर मध्ये १,५२,९४१ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको १० प्रतिशत) नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि, ३०,५८८ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको २ प्रतिशत) कर्मचारीहरुलाई र ७६,४७१ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी १२,६९,४११ कित्ता साधारण शेयरहरु सर्वसाधारणको सार्वजनिक निष्काशन गर्नका लागि निष्काशन तथा विक्री प्रबन्धक रुपमा सेवा दिन हामी मन्जुर गर्दछौ । साधारण शेयर सर्वसाधारणमा निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर विक्री वितरण गर्ने व्यवस्थां मिलाइनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौ ।

१. कम्पनीको "विवरणपत्र" मा उल्लेख गरिएको विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तँहा पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्था बमोजिम सूचिकरण हुन योग्य छन्।

४. कम्पनीले निष्काशन गर्न लागेको प्राथमिक शेयरका लागि आवेदन दिने आवेदकहरुलाई "विवरणपत्र" तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक :
प्रभु क्यापिटल लिमिटेडको तर्फबाट
नाम : दिनेश थकाली
पद : प्रबन्ध निर्देशक

हस्ताक्षर :

कार्यालयको छाप : PRABHU CAPITAL

कमलादी, काठमाडौं, नेपाल । फोन : ९७७-१-५९७०२००, ४१६९१००
Kamaladi, KTM, Nepal | Ph: 977-1-5970200, 4169100
info@prabhucapital.com | www.prabhucapital.com

**ग.२५.विवरण पत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**

## G. Paudyal & Associates

**Chartered Accountants**
**ICAN Regd. No.: 307**
**PAN : 602785567**

5th Floor, Tewa Tower
Teku, Kathmandu
Tel: 01-4233709
Website: www.gpa.com.np
Email: info.gpaca@gmail.com

**Certificate No: 40/2079/080**
**Date: 20/08/2079**

**TO WHOM IT MAY CONCERN**

We hereby certify the Projected Financial Statements comprising Balance Sheet, Income Statement and Cash Flow Statements for the Financial Years –2079/80, 2080/81, 2081/82, 2082/83 and 2083/84 of **Mai Khola Hydropower Limited** for the purpose of issue of initial public offering to the general public based on the to assumptions undertaken by the Management.

The assumptions and the projections have been prepared by the management of the company. The Board of Directors (BOD) of the company are fully responsible for the reasonableness and appropriateness of the assumptions undertaken and projected financial statements preparation on that basis. We have assumed no responsibility for the reasonableness and appropriateness of such assumptions. Actual financial results may differ from projected financial statements if assumptions considered for the projection differs from actual transactions. The assumptions shall be the part of the prospectus to be issued as per section 23 of the Company Act, 2063. The assumptions for financial projection taken by the management are as follows:

1. Share Capital has been increased to Rs 392,156,800 as company is issuing initial public offering (IPO) of Rs 192,156,800 in F/Y 2079/80 and which shall be subscribed fully.
2. The amount collected from Initial public Offering (IPO) shall be utilized for the payment of its Project loan .
3. No any additions of fixed assets have been projected except addition of Rs 17,295,857.00 in fiscal year 2079/80. Depreciation in fixed assets except project assets has been projected as per Income Tax Act, 2058. Depreciation on the Project assets has been provided on straight line basis. The remaining generation licensee period of project at Ashad end 2079 is 31.6 year.
4. Receivables have been projected for 2 months of the revenue amount.
5. Loans Advances & Deposits and Current Liabilities & Payables has been projected on the basis of past trend.
6. Previous year insurance income receivables will be received in FY 2079/80.
7. Dividend to be distributed has not been projected.
8. Income from Power Sales has been projected on the basis of Power Purchase Agreement (PPA) with Nepal Electricity Authority (NEA).
9. Royalty expenses on electricity generation has been projected on the basis of Electricity Act, 2049.
10. Plant Operation Expenses have been increased by 3% every year upto 2083/084 thereafter increased by 2% per year. Also, Rs 5 lakh each year has been provisioned for repair expenses upto 2083/084.
11. Administrative expenses has been increased by 3% every year.
12. Interest expenses has been projected at the rate of 9.86% p.a.( base rate plus 2%) on long term loan. The remaining loan has been settled in 11 year in equal monthly installment of principle.
13. Staff bonus has been projected at 2% of profit for every year as per electricity act 2049.
14. Income tax has not been provisioned due to tax holiday.

Again, the financial statements are subject to change, if any by statutory audit.

G. Paudyal & Associates KATHMANDU

**Signature:**
**Name of Chartered Accountant** : CA Anoj Kumar Neupane.
**ICAN REG. No. :** 1104 (COP)
1618 (Membership)
UDIN Number:221206CA01618awddl

Page 1 of 1

MAIKHOLA
Hydropower

# MAI KHOLA HYDROPOWER LIMITED

## माई खोला हाइड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२९, काठमाण्डौ

(आयोजनाको नामः सुपरमाई क्यासकेट जलविद्युत आयोजना (३ मे.वा.)

वेबसाइटः https:maikholahydropower.com.np इमेलः maikholahydro@gmail.com